# भुटान अधिराज्यको संविधान २००८

**<u>Translated by</u>**
**I. P. Adhikari**

**<u>A</u>ssociation of <u>P</u>ress <u>F</u>reedom <u>A</u>ctivists**
[APFA-Bhutan]

**पुस्तकः** भुटान अधिराज्यको संविधान २००८

**अनुवादकः** आइ. पी. अधिकारी

प्रकाशक:
Association of Press Freedom Activists (APFA) Bhutan
GPO Bx 8975 EPC 2377 Kathmandu Nepal
(Office in exile)
Email: editor@apfanews.com
URL: www.apfanews.com

Year of Publication
First edition 2006
Second revised edition September 2008

विषय सूचि

प्रस्तावना.........................................................................५
धारा १: भुटान अधिराज्य................................................६
धारा २ : राजसंस्था ..........................................................६
धारा ३ : आध्यात्मिक सम्पदा .........................................११
धारा ४ : संस्कृति..............................................................१२
धारा ५ : वातावरण .........................................................१२
धारा ६ : नागरिकता ........................................................१३
धारा ७ : आधाभूत अधिकारहरु .......................................१४
धारा ८ : आधारभूत कर्तव्यहरु ........................................१५
धारा ९ : राज्यका निर्देशक सिद्धान्तहरु ..............................१६
धारा १०: संसद ...........................................................१८
धारा ११: राष्ट्रिय परिषद.................................................२०
धारा १२ : राष्ट्रिय सभा .................................................२१
धारा १३ : विधेयकहरु पारित गर्ने सम्बन्धमा........................२१
धारा १४ : वित्त, व्यपार र व्यवसाय ..................................२२
धारा १५: राजनैतिक दलहरु ...........................................२३
धारा १६ : सार्वजनिक प्रचार-प्रसार खर्च व्यवस्थापन..............२६
धारा १७ : सरकारको गठन...............................................२६
धारा १८ : विपक्षी दल......................................................२७
धारा १९: अन्तरिम सरकार ...............................................२७
धारा २० : कार्यपालिका......................................................२८
धारा २१ : न्यायपालिका ....................................................२९
धारा २२ : स्थानीय सरकार.................................................३१
धारा २३ : निर्वाचन.............................................................३३
धारा २४: निर्वाचन आयोग...................................................३५
धारा २५: राजकीय लेखा परिक्षक.........................................३५
धारा २६: राजकीय निजामति सेवा आयोग............................३६
धारा २७: भ्रष्टचार विरुद्धको आयोग ....................................३७
धारा २८ : सुरक्षा...............................................................३७

धारा २९ : प्रमुख न्यायधिवक्ता........................................३८
धारा ३० : भुक्तानी आयोग ..........................................३८
धारा ३१ : संवैधनिक पद बहालवालाहरु..............................३९
धारा ३२ : महाभियोग..................................................४०
धारा ३३ : संकटकालीन अवस्था......................................४०
धारा ३४ : राष्ट्रिय जनमतसंग्रह......................................४१
धारा ३५: संशोधन एवं आधिकारिक भाषा...........................४२

# Preamble

*WE, the people of Bhutan:*

*BLESSED by the Triple Gem, the protection of our guardian deities, the wisdom of our leaders, the everlasting fortunes of the Pelden Drukpa and the guidance of His Majesty the Druk Gyalpo Jigme Khesar Namgyel Wangchuck;*

*SOLEMNLY pledging ourselves to strengthen the sovereignty of Bhutan, to secure the blessings of liberty, to ensure justice and tranquillity and to enhance the unity, happiness and well-being of the people for all time;*

*DO HEREBY ordain and adopt this Constitution for the Kingdom of Bhutan on the Fifteenth Day of the Fifth Month of the Male Earth Rat Year corresponding to the Eighteenth Day of July, Two Thousand and Eight.*

## धारा १: भुटान अधिराज्य

१. भुटान एउटा सार्वभौमसत्ता सम्पन्न अधिराज्य हो र यसको सार्वभौम शक्ति भुटानका जनतामा नीहित रहनेछ ।

२. सरकार संवैधानिक राजतन्त्रात्मक र प्रजातान्त्रिक ढाँचाको हुनेछ ।

३. भुटानको अन्तर्राष्ट्रिय सीमा क्षेत्र अक्षुण रहनेछ तथा कुनै क्षेत्र वा सीमाको परिवर्तन संसद सदस्यको तीन-चौथाई मतबाट स्वीकृत भए मात्र हुनेछ ।

४. भुटान २० जोङ्खाग (जिल्ला) मा विभक्त रहनेछ तथा प्रत्येक जोङ्खाग गेओग (गाँउ) र थ्रोम्डे (नगरपालिका) ले बनेको हुनेछ । कुनै नयाँ जोङ्खाग वा गेवोग बनाउन अथवा यिनको क्षेत्र तथा सीमा परिवर्तन गर्न संसद सदस्यको तीन चौथाई मतले स्वीकृति दिनुपर्नेछ ।

५. भुटानको राष्ट्रिय झण्डा तथा राष्ट्रिय निशाना छाप यो संविधानको अनुसूची एक अनुसार हुनेछ ।

६. भुटानको राष्ट्रिय गान यो संविधानको अनुसूचि दुई अनुसार हुनेछ ।

७. भुटानको राष्ट्रिय दिवस प्रत्यक वर्षको दिसम्बरको १७ औ दिन हुनेछ ।

८. जोङखा भुटानको राष्ट्रिय भाष हो ।

९. यो संविधान राज्यको सर्वोच्य कानून हो ।

१०. यो संविधान अनुमोदन गर्दा भुटान अधिराज्यमा लागू रहेका सबै कानून संसदले परि वर्तन, खारेज वा सशोधन नगरेसम्म यथावत रहनेछन् । तर यो संविधान जारी गरि एको मिति भन्दा अघि वा पछि आएका कुनै पनि कानूनका प्रावधानहरु यो स ंविधानसित बाझिन गएमा तिनलाई अमान्य घोषणा गरिनेछ ।

११. सर्वोच्च अदालत यो संविधानको संरक्षक र व्याख्या गर्ने अन्तिम निकाय हुनेछ ।

१२. खनिज, खोला, ताल तथा जंगलमाथिको अधिकार राज्यमा नीहित हुनेछ । यी राज्यको सम्पत्ति हुन् जसलाई कानूनद्धारा परिचालन गरिनेछ ।

१३. कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिका भिन्न भिन्नै अगं हुनेछन् र यस स ंविधानमा उल्लेख गरिए बाहेक कुनै पनि एकले अर्काको अधिकारमाथि हस्तक्षेप गर्न पाउने छैन ।

## धारा २ : राजसंस्था

१. महाराज ड्रुक ग्याल्पो राज्य प्रमुख होईबक्सन्छ र देश तथा भुटानी जनताको एकताको प्रतीक होईबक्सन्छ ।

२. भुटानको छ्यो-सिद्-न्यी एकिकृत व्यक्ति ड्रुक ग्याल्पोमा रहनेछ, जो एक बौद्ध धर्मावलम्बीका रुपमा छ्यो-सीदका प्रवर्द्धक होइबक्सनेछ ।

३. भुटानको राजगद्धीको हक महाराज ड्रुक ग्याल्पो उगेन वाङछुकका वैधानिक सन्ततिमा नीहित रहनेछ जुन पृथ्वी वानर वर्षको एघारौ महिनाको नवौं दिन अर्थात इस्वी सन् १९ सय ७ को दिसम्बर महिनाको १७ औ दिन तयार परिएको अपरिवर्तनीय तथा ऐतिहासिक गेन्जामा उल्लेख छ। साथै सो पद :

क. कानूनी विवाहबाट जन्मेका सन्तानमा हस्तान्तरित हुनेछ।

ख. ड्रुक ग्याल्पोले गद्धी त्याग गरेमा वा मृत्यु भएमा सो उनको वंशजमा हस्तान्तरण हुनेछ, जुन परिवारको पहिलो सन्तान रहनेछ । राज कुमारी भन्दा राजकुमारलाई प्राथमिकता दिइनेछ र आवश्यकता अनुसार परिवारमा पहिलो सन्तान राजकुमार नभएको उपधारामा उपयुक्त र सक्षम राजकुमार वा राजकुमारी छानेर आफ्नो उत्तराधिकारी तोक्ने दायित्व ड्रुक ग्याल्पोको हुनेछ।

ग. धारा ३ (ख) मा उल्लेख भए अनुसार उत्तराधिकारी नभएको उपधारामा ड्रुक ग्याल्पोको देहवसान भएमा उक्त समयमा गर्भवति भएकी महारानीबाट जन्मेको बच्चा उत्तराधिकारी मानिनेछ।

घ. ड्रुक ग्याल्पोको प्रथम नाता सम्बन्धको सन्तान नभएको उपधारामा उत्तराधिकार सिद्धान्त अनुसार उमेरका हिसाबले वरिष्टताका आधारमा ड्रुक ग्याल्पोका सन्तानमध्ये नजिकको नाता पर्नेलाई उत्तराधिकारी तोकिनेछ।

ङ. शारिरीक वा मानसिक हिसाबले कमजोर भएका कारण राजकीय अधिकारहरुको प्र योग गर्न नसक्ने सन्तानलाई उत्तराधिकारी बनाइने छैन।

च. भुटानको प्राकृतिक नागरिक बाहेक अरु व्यक्तिसित विवाह गरे उत्तराधिकारी हुनसक्ने व्यक्तिलाई पनि उत्तराधिकारी तोकिने छैन।

४. उत्तराधिकारीले पुनाखा जोङमा जाब्ड्रुङ् ङवाङ् नामग्यलको मछेनबाट डार प्राप्त गरेपछि राजगद्धी आरोहण गराइनेछ।

५. ड्रुक ग्याल्पोको गद्धी आरोहण पश्चात राजपरिवारका सदस्य, संसद सदस्य तथा यसै धाराको उपधारा १९ मा उल्लेख गरिएका पदाधिकारीहरुले ड्रुक ग्याल्पो सामु सपथ लिनेछन्।

६. ६५ वर्षको उमेर पुगेपछि ड्रुक ग्याल्पोले गद्धी युवराज वा युवराजकुमारीलाई सुम्पिबक्सनेछ तर यसका लागि उत्तराधिकारीको उमेर पुगेको हुनुपर्नेछ।

७. यसै धाराको उपधारा ९ मा उल्लेख भएको प्रावधान अनुसार निम्न अवस्था आएको उपधारामा एक राज्य सहायक परिषद गठन गरिनेछ :

क. गद्धी उत्तराधिकारीको उमेर २१ बर्ष नपुगेको अवस्थामा,

ख. ड्रुक ग्याल्पोले विशेष सम्बोधन मार्फत राजकीय अधिकार प्रयोग नगर्ने भनी अस्थाई घोषण गरेमा, वा

ग. अस्थाई शारिरीक वा मानसिक अस्वस्थताका कारण ड्रुक ग्याल्पोले राजकीय अधिकार प्रयोग गर्न नसक्ने भनी दुबै सदनको संयुक्त बैठकको तीन-चौथाई मतले निर्णय पारित भएमा,

८. उक्त राज्य सहायक परिषदले संयुक्त रुपमा यस संविधानमा व्यवस्था गरिए अनुसार ड्रुक ग्याल्पोमा नीहित अधिकारको प्रयोग गर्ने छ। यो निम्न बमोजिमको हुनेछ :

क. राजसभा (Privy Council) ले मनोनित गरेको राजपरिवारको एक वरिष्ठ सदस्य

ख. प्रधानमन्त्री

गं भुटानका प्रधान न्यायधीश

घ. सभामुख

ङ राष्ट्रिय परिषदका सभापति र

च. विपक्षी दलको नेता ।

९. यसै धाराको उपधारा ७ (क) वा ७ (ख) मा उल्लेख भए अनुसारको परिस्थितिमा ड्रुक ग्याल्पोको सन्तान, जो उत्तराधिकारी मानिएको हुन्छ, २१ बर्षको उमेर पुगेको भए राज्य सहायक परिषदको बदली आफै राज्य सहायक पनि हुन सक्नेछ ।

१०. राज्य सहायक परिषदका सदस्यले संसदसामु आफ्नो दायित्व निर्वाध पूरा गर्नेछौं भनी सपथ खानेछन् ।

११. उत्तराधिकारी २१ वर्ष पुगेको वा यसै धाराको उपधारा ७ (क) वा ७ (ख) मा उल्लेख भए अनुसार ड्रुक ग्याल्पो राजकीय अधिकार पुनः प्रयोग थाले, सो सम्बन्धि सूचना एक विशेष सम्बोधन मार्फत दिइनेछ । यस धाराको उपधारा ७ (ग) अनुसार ड्रुक ग्याल्पोले राजकीय अधिकारको प्रयोग गर्न सक्ने स्थिति आए संसदले सो सम्बन्धि निर्णय गरी सूचना जारी गर्ने छ ।

१२. गद्धीनसीन तथा भूतपूर्व राजा तथा तिनका रानीहरु र वैधानिक विवाह मार्फत जन्मेका छोराछोरीहरु मात्र राजपरिवार सदस्य मानिनेछन् ।

१३. ड्रुक ग्याल्पो तथा राजपविार सदस्यहरुले निम्न सुविधाहरु प्राप्त गर्नेछन् :

क. संसदले बनाएको कानून बमोजिम राज्यबाट भत्ता

ख. व्यक्तिगत र कार्यलयीय प्रयोजनक निम्ति राजदरवार तथा आवास सम्बन्धि सम्पूर्ण अधिकार तथा सुविधाहरु

ग. यसै धाराको उपधारा १३ (क) र १३ (ख) मा उल्लेख भएको सुविधा तथा सम्पत्तिमाथि कर मिनाहा ।

१४. ड्रुक ग्याल्पोले छानेका दुई व्यक्ति र ल्हेन्ये जुंछोगले मनोनित गरेको एक व्यक्ति गरि तीन सदस्यीय एक राजसभा रहनेछ । यसका निम्न दायित्वहरु हुनेछन् :

क. ड्रुक ग्याल्पो तथा राजपरिवारको सुविधा सम्बन्धि सम्पूर्ण विषयवस्तु
ख. राजपरिवारको काम कार्वाही सम्बन्धि सम्पूर्ण विषयवस्तु
ग. राजगद्धी तथा राजपरिवारका विषयमा ड्रुक ग्याल्पोलाई सल्लाह दिने
घ. राजमुकुट सम्बन्धि सम्पूर्ण विषयवस्तु र
च. ड्रुक ग्याल्पोबाट आदेश भए अनुसारका अन्य कुनै पनि विषयवस्तु ।

१५. ड्रुक ग्याल्पो अत्यन्त उच्च व्यक्तित्व होइबक्सन्छ र आफ्ना क्रियाकलापका विषयमा कुनै पनि न्यायलयमा जवाफदेही होईबक्सनेछैन ।

१६. ड्रुक ग्याल्पोले राजकीय अधिकार प्रयोग गर्ने सिलसिलामा :

क. परम्परा तथा प्रचलन अनुसार ल्हेन्ये र न्यी-क्येल्मालाई पदवी, आभूषण तथा डार प्रदान गरिबक्सनेछ
ख. नागरिकता प्रदान, जमीन तथा अन्य सबै प्रकारका किदुहरु प्रदान गरिबक्सनेछ
ग. क्षमा दिन, कैद मिनाह गर्न वा घटाउन सकिबक्सनेछ
घ. कुनै पनि विधेयक तथा अन्य विविध बिषयलाई संसदमा प्रस्तुत गर्नको निम्ति आदेश जारी गर्न सकिबक्सनेछ
ङ. यो संविधान तथा अन्य कानूनमा उल्लेख नभएका कुनै पनि विषयमा विशेषाधिकार लाउन सकिबक्सनेछ ।

१७. ड्रुक ग्याल्पोले अन्य राष्ट्रका अतिथिलाई स्वागत गरेर वा अन्य देशको भ्रमण गरेर ती राष्ट्रहरुसित दौत्य सम्बन्ध स्थापना एवं प्रवर्द्धन गरिबक्सनेछ ।

१८. ड्रुक ग्याल्पोले भुटानी जनताको हित तथा स्वार्थको निम्ति यो संविधानको रक्षा एंव प्रवर्द्धन गरिबक्सनेछ ।

१९. ड्रुक ग्याल्पोले, आफनो छापसहितको आदेशमा, निम्न व्यक्तिहरुको नियुक्ति गरिबक्सनेछ :

क. धारा २१ को उपधारा ४ बमोजिम भूटानका प्रधान न्यायधीश
ख. धारा २१ को उपधारा ५ बमोजिम सर्वोच्च अदालतका ड्राङ्पोनहरु
ग. धारा २१ को उपधारा ११ बमोजिम हाइकोर्टका प्रमुख न्यायधीश
घ. धारा २१ को उपधारा १२ बमोजिम हाइकोर्टका ड्राङ्पोनहरु

ङ. धारा २४ को उपधारा २ बमोजिम निर्वाचन आयोगका प्रमुख तथा सदस्यहरु
च. धारा २५ को उपधारा २ बमोजिम प्रमुख लेखा परिक्षक
छ. धारा २६ को उपधारा २ बमोजिम राजकीय नागरिक सेवा आयोगका प्रमुख तथा सदस्यहरु
ज. धारा २७ को उपधारा २ बमोजिम भ्रष्टाचार विरुद्धको आयोगका प्रमुख तथा सदस्यहरु
झ. सेवा उत्थान बोर्डले सिफारिस गरेका व्यक्तिहरुमध्येबाट सुरक्षा निकायका प्रमुखहरु
ञ. धारा २९ को उपधारा २ बमोजिम प्रमुख न्यायधिवक्ता
ट. प्रधानमन्त्रीको सिफारिसमा भुटानको केन्द्रीय बैंकको गर्भनर
ठ. धारा ३० को उपधारा १ बमोजिम भुक्तानी आयोगको प्रमुख
ड. प्रधानमन्त्रीको सिफारिसमा मन्त्री परषिद सचिव
ढ. राजकीय नागरिक सेवा आयोगको सिफारिसमा उक्त दुबै सदनका महासचिवहरु
ण. प्रधानमन्त्रीको सिफारिसमा राजदूतहरु तथा वाणिज्यदूतहरु
त. राजकीय नागरिक सेवा आयोगबाट प्रचलित नियम तथा कानून अनुसार कार्यदक्षता तथा वरिष्टताको आधारमा छनौट भएका मध्यबाट प्रधानमन्त्रीको सिफारिसमा सरकारी सचिवहरु
थ. राजकीय नागरिक सेवा आयोगको छनौटमा परेका मध्यबाट प्रधानमन्त्रीको सिफारिसमा जोङ्दाहरु ।

२०. यस धाराको उपधारा २१, २२, २३, २४ र २५ मा उल्लेख भए बमोजिम, ड्रुक ग्याल्पोल जानाजान यो संविधानको उल्लंघन गरेको वा स्थाई रुपमा मानसिक अशक्तता आएको भनी संसदको संयुक्त बैठकले निर्णय गरेमा ड्रुक ग्याल्पोले राजगद्धी त्याग गरिबक्सनेछ ।

२१. त्यस्तो निर्णय गर्न भनी संसदको संयुक्त बैठकमा दुबै सदनका दुई-तिहाई सदस्यले उपधारा २० मा उल्लेख भए बमोजिम कुनै अधार सहित छलफलका निम्ति प्रस्ताव पेश गर्नु पर्नेछ ।

२२. त्यस्तो विषयमा ड्रुक ग्याल्पोले संसदको संयुक्त बैठकमा आफै वा आफ्नो प्रतिनिधि मार्फत लिखित वा मौखिक जवाफ पेश गरिबक्सनेछ ।

२३. उपधारा २१ मा भनिए बमोजिमको संसदको संयुक्त बैठकको सभापतित्व भुटानका प्रधान न्यायधीशले गर्नेछन् ।

२४. यदि, संसदको त्यस्तो संयुक्त बैठक मार्फत संसद सदस्यको तीन-चौथाई मतले राजगद्धी त्याग सम्बन्धि निर्णय गरेमा त्यसको अनुमोदन वा अस्वीकृतिका निम्ति राष्ट्रिय जनमतसंग्रह मार्फत जनता सामु राखिनेछ ।

२५. जनमत संग्रहको सामान्य बहुमतले, प्रत्येक जोङ्खागमा मत खसाली गनिएमध्ये, त्यस्तो निर्णयको पक्षमा मत जाहेर गरे ड्रुक ग्याल्पोले उत्तराधिकारीको हितको निम्ति राजगद्धी त्याग गरिबक्सनेछ ।

२६. संसदले यो धारा र धारा १ को उपधारा २ का सबै वा कुनै पनि प्रावधानहरु लाई असर गर्नेगरि कानून बनाउने छैन वा यो संविधान संशोधनका निम्ति शक्ति प्रयोग गर्नेछैन ।

**धारा ३ : आध्यात्मिक सम्पदा**

१. बौद्ध धर्म भुटानको आध्यात्मिक सम्पदा हो, जसले शान्ति, अहिंसा, दया र सहिष्णुताको सिद्धान्त र मान्यताहरुको प्रवर्द्धन गर्छ ।

२. ड्रुक ग्याल्पो भूटानका सबै धर्मका रक्षक होइबक्सन्छ ।

३. धर्मलाई राजनीति भन्दा अलग्गै राखेर भुटानको आध्यात्मिक सम्पदाको प्रवर्द्धन गर्नु सबै धार्मिक संस्था एंव व्यक्तित्वहरुको दायित्व हुनेछ । धार्मिक संस्था तथा व्यक्तित्वहरु राजनीतिभन्दा माथि रहनेछन् ।

४. पाँच लोपनहरुको सिफारिसमा ड्रुक ग्याल्पोले शिक्षित र सम्मानित लामालाई जे खेम्पो तोकिबक्सनेछ जो ड्रुक-लु बमोजिम ordain खाएको, समृद्ध आध्यत्मिक गुरुमा हुने नौं गुणले युक्त तथा केद-जोगले भरिपूर्ण हुनु पर्नेछ ।

५. महामहिम जे खेम्पोले, ड्राटछांग ल्हेन्छोगको सिफारिसमा, नौं गुणले युक्त भएका तथा केद्-जोगले भरिपूण पाँच आध्यात्मिक गुरुहरु नियुक्त गर्नेछन् ।

६. ड्राटछाङ ल्हेन्छोगका सदस्यहरु निम्न बमोजिम रहनेछन् :

क. महामहिम जे खेम्पो, सभापतिको रुपमा

ख. जुङ ड्राटछाङका पाँच लोपोनहरु र

ग. ड्राटछाङ ल्हेन्छोगका सचिव, जो सरकारी कर्मचारी हुनेछन् ।

७. जुङ ड्राटछाङ तथा राब्देहरुले राज्यबाट निरन्तर रुपमा पर्याप्त खर्च तथा अन्य सुविधाहरु प्राप्त गर्नेछन् ।

**धारा ४ : संस्कृति**

१. समाज र नागरिकको सांस्कृतिक जीवन पद्धतीलाई अरु समृद्ध बनाउने धार्मिक स्थल, सांस्कृतिक, ऐतिहासिक एव कलात्मक दृष्टिकोणले महत्वपूर्ण स्थान तथा वस्तु, जोङ् हरु, ल्हाखाङ्गहरु ग्योन्देहरु, तेन्सुम न्येहरु, भाषा, साहित्य, संगीत तथा धर्मको स ंरक्षण, सुरक्षण एवं प्रवर्द्धन गर्नु राज्यको दायित्व हुनेछ ।

२. संस्कृतिलाई राज्यले विस्तार भैरहेको गतिशील शक्तिका रुपमा लिनेछ तथा प्र गतिशील समाजको स्थायित्वको निम्ति परम्परागत संस्था तथा मूल्यको निरन्तर उद्विकासको निम्ति सुदृढिकरण एवं सहयोग गर्नेछ ।

३. राज्यले स्थानीय कला, मूल्य र मान्यता, ज्ञान तथा संस्कृतिको संरक्षण गर्नेछ तथा त्यस्ता विषयमा अनुसन्धान गर्न प्रोत्साहित गर्नेछ ।

४. संसदले भुटानी समाजको सांस्कृतिक समृद्धिको निम्ति आवश्यकता अनुसारको कानून बनाउन सक्नेछ ।

**धारा ५ : वातावरण**

१. हरेक भुटानी वर्तमान तथा भविष्यका सन्ततिकाहरुको लाभको निम्ति राष्ट्रको प्र ाकृतिक स्रोत तथा वातावरणको गुठियार (trustee) हुनेछ र प्राकृतिक वातावरणमा रहेको समृद्ध जैविक विविधताको संरक्षण गर्न तथा वातावरणप्रिय क्रियाकलाप र व्यवहार मार्फत आवाज, दृष्टि तथा भौतिक प्रदूषण जस्ता पर्यावरणीय विनाश हुने काम रोक्न योगदान पुऱ्याउनु प्रत्यक नागरिकको कर्तव्य हुनेछ ।

२. राजकीय सरकारले :

   क. अलौकिक (pristine) वातावरणको संरक्षण, संवर्द्धन एंव सुधार गर्नेछ एंव राज्यको जैविक विविधताको सुरक्षा गर्नेछ

   ख. प्रदूषण तथा पर्यावरणीय विनाशको रोकथाम गर्नेछ

   ग. न्यायोचित आर्थिक तथा समाजिक विकासलाई प्रवर्द्धन गर्दै पर्यवरण सन्तुलित दीगो विकासको सुनिश्चितता गर्नेछ ।

   घ. स्वास्थ्य एंव सुरक्षित वातावरणको सुनिश्चितता गर्नेछ ।

३. राष्ट्रको प्राकृतिक श्रोतको संरक्षण गर्न एंव वातावरण चक्रलाई विनाशबाट रोक्न भुटानको क्षेत्रफल मध्ये न्यूनतम ६० प्रतिशत भूमिमा सधै वन जंगल रहनेछ भन्ने सुनिश्चितता राज्यले गर्नेछ ।

४. संसदले प्राकृतिक श्रोत साधनको दीगो उपयोगको निम्ति वातावरण मैत्री कानूनहरु तयार पार्न सक्नेछ, तथा अन्तर सन्तति समता कायम गनेर्छ तथा जैविक श्रोतमाथिको राज्यको सार्वभौम अधिकार सुनिश्चित गर्नेछ ।

५. संसदले, कानून बमोजिम, राज्यको कुनै पनि भागलाई राष्ट्रिय निकुञ्ज, वन्य जन्तु संरक्षण क्षेत्र, प्रकृति संरक्षण क्षेत्र, संरक्षित वन, संरक्षित भूमण्डल (Biosphere) तथा जीर्ण जलाशय (Critical Watershed) र त्यस्तै अन्य नाम दिई संरक्षण क्षत्र घोषण गर्न सक्नेछ ।

## धारा ६ : नागरिकता

१. एक व्यक्ति, जसका बाबु-आमा दुबै भुटानका नागरिक हुन्, भुटानको एउटा प्राकृतिक नागरिक ठहरिनेछ ।

२. एक व्यक्ति जो भुटानमा सन् १९५८ को दिसम्बर ३१ वा त्यो भन्दा अघि देखि बसेको र जसको नाम भुटान सरकारको अधिकारिक अभिलेखमा दर्ता छ, उसलाई भुटानको नागरिक मानिने छ ।

३. भुटान अंगीकृत नागरिक हुन निवेदन दिने व्यक्तिले निम्न शर्तहरु पूरा गर्नु पर्नेछ :

क. भुटानमा न्यूनतम १५ बर्ष बसोबास गरेको

ख. देश भित्र वा बाहिर कतै पनि आपराधिक आरोपका कारण जेल नपरेको

ग. जोङ्खा बोल्न र लेख्न सक्षम

घ. भुटानको संस्कृति, रीतिथिति, परम्परा तथा इतिहासको राम्रो ज्ञान भएको

ङ. राजा, देश र भुटानी जनता विरुद्ध बोलेको वा काम गरेको कुनै अभिलेख नभएको

च. कुनै विदेशी मुलुकको नागरिकता लिएको भए भुटानको नागरिकता लिएपछि सो परित्याग गरेको र

छ. तोकिए बमोजिमको भुटानको संविधान प्रति निष्ठा प्रकट गरेको ।

४. अंगीकरण मार्फत प्रदान गरिने नागरिकता ड्रुक ग्याल्पोले राजकीय कासो जारी गरेपछि लागू हुनेछ ।

५. कुनै पनि भुटानीले अन्य देशको नागरिकता लिएमा उसको भुटानी नागरिकता खारेज गरिनेछ ।

६. यो धारा तथा नागरिकता ऐन बाहेक नागरिकता सम्बन्धि अन्य सबै विषयमा कानूनतः संसदले निर्धारण गर्नेछ ।

**धारा ७ : आधाभूत अधिकारहरु**

१. सबै भुटानी नागरिकलाई जीवनको अधिकार, स्वतन्त्रता तथा सुरक्षाको अधिकार रहनेछ तथा कानूनले ताके बाहेक कुनै पनि प्रकारले उसलाई ती अधिकारहरुबाट बञ्चित गराइने छैन ।

२. प्रत्येक भुटानी नागरिकलाई वाक, विचार तथा अभिव्यक्ति स्वतन्त्रता हुनेछ ।

३. प्रत्येक भुटानी नागरिकलाई सूचनाको अधिकार हुनेछ ।

४. प्रत्येक भुटानी नागरिकलाइ विचार, आस्था तथा धर्मको स्वतन्त्रता हुनेछ । जबर्जस्ती वा दवाबका माध्यमबाट कुनै पनि व्यक्तिलाई अर्को धर्म अंगाल्न लाइने छैन ।

५. प्रेस, रेडियो तथा टेलिभिजन र अन्य प्रकारको सूचना सम्प्रेषणका विद्युतीय माध्यमहरुको स्वतन्त्रता हुनेछ ।

६. प्रत्येक भुटानी नागरिकलाई मत हाल्ने अधिकार हुनेछ ।

७. प्रत्येक भुटानी नागरिकलाई भुटान अधिराज्यभित्र आवत-जावत तथा आवासको अधिकार हुनेछ ।

८. प्रत्येक भुटानी नागरिकलाई सार्वजनिक सेवामा प्रवेश गर्न समान अवसर र पहुँच हुनेछ ।

९.प्रत्येक भुटानी नागरिकलाई सम्पत्तिको अधिकार रहनेछ तर संसदले पारित गरेका कानून बाहेकको हकमा उसले आफ्नो जमीन वा अन्य अचल सम्पत्ति अभुटानीलाई बेच्न वा नाम सारि समेत गर्न सक्ने छैन ।

१०. प्रत्येक भुटानी नागरिकलाई कानूनी रुपमा मान्यता प्राप्त कुनै पनि व्यापार, व्यवसाय वा पेशा अगाल्ने अधिकार रहनेछ ।

११. प्रत्येक भुटानी नागरिकलाई समान किसिमको कार्यको निम्ति समान पारिश्रमिक लिने अधिकार हुनेछ ।

१२. प्रत्येक भुटानी नागरिकलाई शान्तिपूर्ण भेला हुने तथा संगठन खोल्ने अधिकार हुनेछ, तर त्यस्तो संगठनले देशको एकता र शान्ति प्रतिकुल हुनुहुन्न, तथा कसैलाई पनि कुनै संगठनमा लाग्न दवाब दिइनेछैन ।

१३. प्रत्येक भुटानी नागरिकलाई आफूले सृजना गरको वा बनाएको वैज्ञानिक, साहित्यक वा कलात्मक उत्पादनबाट प्राप्त भौतिक इच्छाको भोगचलन गर्ने अधिकार रहनेछ ।

१४. कानूनी प्रावधान अनुसार सार्वजनिक प्रयोजनका निम्ति मुआब्जा भूक्तान नगरी अधिग्रहण गर्ने बाहेक कुनै पनि भुटानी नागरिकलाई सम्पत्ति प्राप्त गर्ने अधिकारबाट बञ्चित गराइने छैन ।

१५. सबै व्यक्ति कानूनसामु समान हुन् तथा सबैलाई समान र प्रभावकारी कानूनी सुरक्षाको प्रत्याभूति रहनेछ र कुनै पनि जाती, लिङ्ग, भाषा धर्म, राजनैतिक विचारधारा वा त्यस्तै अन्य स्थितिलाई लिएर भेदभाव गरिनेछैन ।

१६. दण्डनीय अपराधको आरोप लागेका अभियुक्तलाई कानूनी रुपमा अपराधी प्रभाणित नभए सम्म निर्दोष नै मानिनेछ ।
१७. कुनै पनि व्यक्तिलाई निर्दयी, अमानवीय वा निकृष्ट प्रकारले यातना वा दण्ड दिईने छैन ।
१८. कुनै पनि व्यक्तिलाई मृत्यु दण्ड दिईने छैन ।
१९. कुनै पनि व्यक्तिको गोपनियता, परिवार, घर वा पत्राचार ठेगानामा हस्तक्षेप हुनेछैन साथै उसको मर्यादा र ख्याती माथि गैरकानूनी आक्रमण गरिनेछैन ।
२०. कुनै पनि व्यक्तिलाई स्वेच्छाचारी हिसाबले पक्राउ गरिने तथा थुनामा राखिने छैन ।
२१. कुनै पनि व्यक्तिलाई एक भुटानी जाम्बीसँग परामर्श लिने वा उसलाई आफ्नो प्र तिनिधि बनाउने अधिकार हुनेछ ।
२२. यस संविधानले प्रत्याभूत गरेका अधिकारमाथि फरक नपारिकन यस धाराको कुनै पनि प्रावधानले राज्यलाई निम्न सन्दर्भमा कानूनी बन्देज लगाउने छैन :
क. भुटानको सार्वभौमिकता, सुरक्षा, एकता र अउपधाराताको सरोकार
ख. राष्ट्रको शान्ति, स्थिरता र भलाईको सरोकार
ग. विदेशी राष्ट्रसितको मैत्री सम्बन्धको विषय
घ. जाती, लिङ्ग, भाषा, धर्म वा क्षेत्रका आधारमा गलत काम गर्न उक्साउने अवस्था
ङ आफ्नो कार्यलयीय कर्तव्य पूरा गर्ने क्रममा वा राज्य सञ्चालनार्थ प्राप्त जानकार ी सार्वजनिक गरेको उपधारामा वा
च. अरुको अधिकार वा स्वतन्त्रताको सम्बन्धमा

२३. यस धाराको उपधारा २२ बाहेक, कानूनी रुपमा ताकिएको प्रकृय पुऱ्याएर यस धाराले प्रत्याभूत गरेका अधिकारहरुको कार्यन्वयनको निम्ति भुटानमा बस्ने सबै व्यत्तिर्लाई सर्वोच्च अदालत वा हाईकोर्टमा विधिवत अग्रसरता लिने अधिकार हुनेछ ।

**धारा ८ : आधारभूत कर्तव्यहरु**

१. प्रत्येक भुटानी नागरिकले भुटानको सार्वभौमिकता, अउपधाराता, सुरक्षा तथा एकताको संरक्षण एवं प्रतिरक्षा गर्नेछ एवं संसदले आदेश दिएको समयमा राष्ट्र सेवामा समाहित हुनेछ ।
२. राष्ट्रको संस्कृति एवं सम्पदाको संरक्षण, सम्बर्द्धन एवं सम्मान गर्नु हरेक भुटानीको कर्तव्य हुनेछ ।

३. प्रत्येक भुटानीले देशका सम्पूर्ण जनताबीच धार्मिक, भाषिक वा क्षेत्रिय विविधता माझ सहिष्णुता, आपसी सद्भाव र भातृत्वको भावना विकास गर्नु पर्नेछ ।
४. प्रत्येक व्यक्तिले राष्ट्रिय झण्डा तथा राष्ट्रिय गानका सम्मान गर्नुपर्नेछ ।
५. प्रत्येक व्यक्तिले अन्य व्यक्तिलाई चोटपटक लागेको, यातना दिएको वा मारेको सहने छैन वा त्यस्तो कार्यमा सहभागी हुनेछैन तथा त्यस्ता क्रियाकलाप रोक्न हरसम्भव प्रयास गर्नेछ ।
६. प्राकृतिक प्रकोप र अन्य दुर्घटनाका पीडितलाई आफ्नो क्षमताले भ्याएसम्म सहयोग गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ ।
७. सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नु हरेक व्यक्तिको कर्तव्य हुनेछ ।
८. कानून बमोजिम खजना (कर) तिर्नु हरेक व्यक्तिको कर्तव्य हुनेछ ।
९. न्यायको प्रवर्द्धन गर्नु तथा भ्रष्टचार विरुद्ध काम गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ ।
१०.कानूनको सहयोगको निम्ति काम गर्नु हरेक व्यक्तिको कर्तव्य हुनेछ ।
११. यो संविधानको सम्मान गर्नु एंव यस प्रति दृढ रहनु हरेक व्यक्तिको कर्तव्य एवं दायित्व हुनेछ ।

**धारा ९ : राज्यका निर्देशक सिद्धान्तहरु**

१. राज्यले भुटानी जनताको गुणस्तरीय जीवनका निम्ति एउटा प्रगतिशील र सम्पन्न एवं विश्वमा शान्ति र सौहार्द्रताको निम्ति कटिबद्ध रहने मुलुक हुने प्रकारका यस धारामा समाहित निर्देशित सिद्धान्तहरु लागू गर्नेछ ।
२. राज्य त्यस्तो प्रकारको वातावरण सृजना गर्न लागिपर्नेछ जसले बृहत राष्ट्रिय खुशियालीको सफल कार्यन्वयनमा सहयोग पुर्‍याउने छ ।
३. राज्यले जनताको आधारभूत अधिकार तथा स्वतन्त्रताको प्रत्याभूत गराउन मानव अधिकार तथा प्रतिष्ठाको रक्षा र कानूनसम्मत त्यस्तो नागरिक समाज बनाउन लागिपर्नेछ जुन उत्पीडन, भेदभाव र हिंसामुक्त होस् ।
४. फोन, मेल तथा अन्य कुनै पनि संचारका साधनको प्रयोग गर्नबाट कसैलाई पनि बञ्चित गराइने छैन र बञ्चित गराइएमा हरेक व्यक्तिलाई राज्यले सुरक्षा दिनेछ ।
५. राज्य स्वतन्त्र, निष्पक्ष र छिटो-छरिता हिसाबले न्याय प्रदान गर्न कटिबद्ध रहनेछ ।
६. न्यायको सुनिश्चितताको निम्ति राज्यले कानूनी सहायता प्रदान गर्ने छ, जुन कुनै पनि व्यक्तिको आर्थिक वा अन्य प्रकारको असमर्थताको कारण देखाई विमुख गराइने छैन ।
७. आयको असमानता, सीमित नागरिकहरुमा सम्पत्ति केन्द्रित हुन नदिन र देशको कुनै पनि भागमा बस्ने मानिस वा व्यक्तिबीच सार्वजनिक सुविधाहरुको समान बाँडफाँडको व्यवस्था गर्न राज्यले कानूनहरु बनाउनेछ र लागू गर्नेछ ।

८. राज्यले हरेक जोड्खागलाई तिनको विविध आवश्यकताहरुको आधारमा समान व्यवहार गर्नेछ जसबाट तुलनात्मक सामाजिक तथा आर्थिक विकासका निम्ति समान रुपमा राष्ट्रिय श्रोतहरुको बाँडफाँड गर्न सकिनेछ।

९. खुल्ला एंव प्रगतिशील आर्थिक व्यवस्था भित्रै रहेर राज्यले आर्थिक स्वावलम्बन प्राप्त गर्ने तर्फ काम गर्नेछ।

१०. राज्यले स्वच्छ बजार प्रतिस्पर्धा मार्फत निजी क्षेत्रको विकासमा प्रोत्साहन दिनेछ तथा व्यवसायिक एकाधिकार रोक्ने तर्फ काम गर्नेछ।

११. राज्य त्यस्तो वातावरणको सृजानमा लागि पर्नेछ जसले हरेक नागरिकलाई असल जीवनयापनको सुरक्षा दिनेछ।

१२. राज्यले रोजगारीको अधिकार, व्यावसायिक सहयोग र तालिमको व्यवसथ ा गर्नेछ तथा रोजगारिको निम्ति न्यायोचित एवं उपयुक्त परिस्थितिको सृजना गर्नेछ।

१३. राज्यले उपयुक्त आराम तथा फुसर्द लिने अधिकारको सुनिश्चतता गर्नेछ जस अन्तर्गत काम गर्ने उपयुक्त समयावधि र पारिश्रमिक सहितको आवधिक विदाहरु पर्नेछन्।

१४. राज्य हरेक व्यक्तिको कामको आधारमा उपयुक्त तथा निष्पक्ष पारिश्रमिक पाउँने अधिकार रक्षाको निम्ति कटिबद्ध रहनेछ।

१५.राज्यले सम्पूर्ण जनताको ज्ञान, मूल्य तथा सिपको विस्तार एवं सुधारको निम्ति शिक्षा प्रदान गर्नेछ जुन मानव व्यक्तित्वको पूर्ण विकासको तर्फ लक्षित रहनेछ।

१६. विद्यालय जाने उमेरका सबै बच्चालाई राज्यले दश कक्षासम्म निःशुल्क शिक्षा प्र दान गर्नेछ। त्यस्तै राज्यले प्राविधिक र व्यवसायिक एवं पेशागत शिक्षा सबैको पहुँचमा पुग्ने सुनिश्चितता गर्नेछ तथा उत्कृष्टताका आधारमा उच्च शिक्षामा सबैलाई समान अवसर रहनेछ।

१७. राज्यले महिलामाथि हुने सबै प्रकारका भेदभाव र शोषण, सार्वजनिक वा निजी क्षेत्रमा हुने यौन शोषण, दुर्व्यवहार, हिंसा, हैरानी तथा धम्की एवं बेचबिखन रोक्न उपयुक्त उपायहरु अवलम्बन गर्नेछ।

१८. राज्यले बालबालिकामाथि हुने सबै प्रकारका भेदभाव र शोषण तथा बेचविखन, यौन शोषण, दुर्व्यवहार, हिंसा, निकृष्ट प्रकारको व्यवहार तथा आर्थिक शोषणबाट बचाउन उपयुक्त कदमहरु चाल्नेछ।

१९. राज्य त्यस्तो वातावरण निर्माण गर्न प्रयत्नशील रहनेछ जसले सामाजिक जीवनमा सहयोगको भावना जग्रित गराउन एंव विस्तारित पारिवारिक ढाँचालाई अउपधाराता प्रदान गर्न मद्दत पुग्नेछ।

२०. राज्यले त्यस्तो वातावरणको सृजना गर्नेछ जसले विश्वव्यापि मानवीय मूल्य तथा बौद्ध धर्मका आर्दशमा आधारित एउटा असल र सहृदयी समाजका निम्ति सत्य र दीगो विकासमा सहयोग पुऱ्याउने छ।

२१. राज्यले आधुनिक तथा परम्परागत औषधिमा आधारित दुबै प्रकारको सार्वजनिक स्वास्थ्य सेवा सबैको पहुँचमा पुऱ्याउँनेछ।

२२. क्षमता भन्दा बाहिरको विराम र अशक्त भएकालाई वा जीवन यापनका पर्याप्त साधन नपुगेकालाई राज्यले सुरक्षा प्रदान गर्नेछ।

२३. कला र विज्ञानको प्रवर्द्धन एवं नवीन प्राविधिक पद्धतिहरुको विकासको निम्ति स ांस्कृतिक जीवनमा सबैको स्वतन्त्र सहभागितालाई राज्यले प्रेरित गर्नेछ।

२४. राज्यले अन्य देशहरुसितको सदासयता (Goodwill) तथा सहकार्य बढाउने छ, अन्तराष्ट्रिय कानून र सन्धिहरुको सम्मान गर्नेछ एंव विश्वशान्ति र सुरक्षाको निम्ति अन्तर्राष्ट्रिय झै-झगडाहरु शान्तिपूर्ण माध्यमबाट समाधान खोज्न प्रेरित गने र्छ।

## धारा : १० संसद

१. भुटानमा एउटा संसद रहने छ जसमा यस संविधानमा उल्लेख भएका सम्पूर्ण अधिकारहरु निहित हुनेछन् र यस अन्तर्गत ड्रुक ग्याल्पो, राष्ट्रिय परिषद र राष्ट्रिय सभा पर्नेछन्।

२. सरकारी नीति एवं विभिन्न मुद्दाहरु, कानूनी मस्यौदा एवं विधेयकहरु, राज्यका काम कार्वाहीहरुको परिक्षण, सार्वजनिक समीक्षा मार्फत राष्ट्रिय स्वार्थ एवं जनआकांक्षा पूर्ति सरकारले गर्नेछ भन्ने प्रत्याभूति संसदले दिनुपर्नेछ।

३. संसदका सदस्यहरुको निर्वाचन भुटानको निर्वाचन अधिराज्यको निर्वाचन कानुन बमोजिम हुनेछ।

४. एक व्यक्ति एकै समयमा राष्ट्रिय परिषदका साथै राष्ट्रिय सभा वा स्थानीय सरकारको सदस्य हुनेछैन।

५. हरेक आमनिर्वाचन पछिको संसदको पहिलो बैठक ड्रुक ग्याल्पोले बोलाइबक्सनेछ।

६. हरेक अधिवेशनको सुरुमा संसदको संयुक्त बैठकले छिब्ड्रेल समारोह सहित ड्रुक ग्याल्पोलाई स्वागत गर्नेछ अनि हरेक अधिवेशन झुग-ड्रेल-फुसुम छोग-पाई तेन-ड्रिल गरी उद्घाटन हुनेछ भने टासी-मोन-लाभ गरी समापन गरिनेछ।

७. ड्रुक ग्याल्पो संसदको कुनै पनि सदन वा संयुक्त सभालाई समयोचित सम्बोधन गर्न वा तिनको कार्वाहीमा सरिक हुन सकिबक्सनेछ।

८. संसदको कुनै एक वा दुवै सदनलाई ड्रुक ग्याल्पोबाट आवश्यक सन्देशहरु पठाउन सकिबक्सनेछ ।

९. सन्देशहरु प्राप्त गर्ने सदनले सन्देशमा उल्लेखित विषयलाई महत्व दिई चाँडो भन्दा चाँडो त्यस सम्बन्धमा आफ्नो राय ड्रुक ग्याल्पोलाई पठाउनेछ ।

१०. प्रधानमन्त्रीले राष्ट्रको परिस्थितिका विषयमा वार्षिक प्रतिवेदन ड्रुक ग्याल्पो र संसदको संयुक्त बैठकमा पेश गर्नेछन् जसमा संसदीय एवं वार्षिक योजनाहरु तथा सरकारको प्राथमिकताहरुको विवरण रहनेछ ।

११. प्रत्येक सदनले आफ्नो कार्यप्रणालीका नियमहरु ऋाफैनिर्धारण गर्नेछ । तीनै नियमका आधारमा संसदीय गतिविधि सञ्चालन गर्न समितिहरु गठन हुनेछन् ।

१२. परिस्थिति अनुसार ड्रुक ग्याल्पोको आदेश भएमा सभामुख वा सभापतिले संसदको विशेष अधिवेशन बोलाने छन् ।

१३. प्रत्येक संसद सदस्यको एक मत गनिनेछ । मत विभाजन बराबर भए सभामुख वा सभापतिले निर्णयक मत खसाल्नेछन् ।

१४. राष्ट्रिय परिषद वा राष्ट्रिय सभाको बैठकको कोरम तयार गर्न प्रत्येक सदनको संसद सदस्यको दुई-तिहाई भन्दा बढीको उपस्थिति अनिवार्य हुनेछ ।

१५. संसदका कार्वाहीहरु सार्वजनिक रुपमा संचालन गरिनेछन् । तर सभामुख वा सभापतिाले प्रेस वा अन्य कसैलाई पनि संसदको पूरै वा आंशिक बैठकमा उपस्थित हुन प्रतिबन्ध लाउन सक्नेछन् यदि सार्वजनिक सुव्यवस्था, राष्ट्रिय सुरक्षा वा त्यस्तै अन्य विषयमा छलफल गर्नुपरेमा, जसको प्रचार-प्रसारले सार्वजनिक हितमा प्रतिकुल असर पार्नेछ ।

१६. संसदको संयुक्त बैठकको सभापतित्व सभामुखले गर्नेछन् तथा त्यस्तो बैठक राष्ट्रय सभाको बैठक कक्षमा हुनेछ ।

१७. कार्यकाल समापन हुनुभन्दा अघि नै अन्य कारणले कुनै सांसद पद खाली भए खाली भएको मितिले ९० दिन भित्र सो पदका लागि चुनाव गरिनेछ ।

१८. संसद सदस्यले पद बहाल गर्नु अघि यस संविधानको अनुसूचि तीनमा दिए अनुसारको पदको सपथ खानु पर्नेछ ।

१९. प्रधानमन्त्री, मन्त्रीहरु, सभामुख तथा उपसभामुख एंव राष्ट्रिय परिषदका सभापति एवं उपसभापतिले आफनो पदभार संहाल्नु अघि यस संविधानको अनुसूचि चारमा भए बमोजिमको गोपनियताको सपथ लिनुपर्नेछ ।

२०. संसदका हरेक सदस्यले सदनको मर्यादा र इज्जत बचाई राख्नु पर्नेछ र त्यसका लागि कसैबाट पनि बदनामी हुने वा शक्ति प्रयोग गर्ने काम हुने छैन ।

२१. सांसद वा कुनै पनि संसदीय समितिका सदस्यलाई आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा व्याक्त विचार वा संसदमा आफ्नो मत हालेका कारण सोधपुछ, पक्राउ,

थुनछेक वा अन्य कार्वाही गरिने छैन तथा संसदको अख्तियारबाट प्रकाशित कुनै पनि प्रतिवेदन, पेपर वा संसदको कार्वाहीको भागिदार कुनै एक व्यक्ति पनि हुनेछैन ।

२२. यहाँ उल्लेखित छुट संसदका सदस्यले आफ्नो कर्तव्य पूरा गर्ने क्रममा गरेका भ्रष्टाचारमा लागू हुने छैन साथै त्यसतो छुट कुनै विषयमा बोलिदिन वा कसैको पक्षमा मत जाहेर गरिदिनको निम्ति लिएको पैसा वा अन्य त्यस्तै सुविधाहरुमा पनि लागू हुनेछैन ।

२३. संसद सदस्यलाई प्राप्त यो छुट संसदको दुई तिहाई मतले मात्र बदर गर्न सक्नेछ ।

२४. राष्ट्रिय परिषद एंव राष्ट्रिय सभाको अवधि पहिलो बैठकको मितिबाट पाँच बर्षको हुनेछ । राष्ट्रिय परिषदले पाँच बर्ष पूरा गर्नैपर्नेछ भने प्रधानमन्त्रीले ड्रुक ग्याल्पोलाई सिफारिस गरेमा, राष्ट्रिय सभामा सरकार विरुद्ध अविश्सवासको प्रस्ताव पारित भएमा वा धारा १५ को उपधारा १२ बमोजिम सो समय अगावै राष्ट्रिय सभा भने भगं हुन सक्नेछ ।

२५. धारा १ को उपधारा १० अनुसार हालसम्म भुटानले अनुमोदन गरेका र हाल लागू रहेका अन्तर्राष्ट्रिय महासन्धिहरु, अनुबन्धहरु, सन्धिहरु, प्रोटोकलहरु र सम्झौताहरु बाहेक अन्य महासन्धिहरु, अनुबन्धहरु, सन्धिहरु प्रोटोकोलहरु र सम्झौताहरु यो संविधानसित नबाझिएमा र संसदले पारित गरेमा मात्र देशको कानून सरह लागू हुनेछन् ।

## धारा ११: राष्ट्रिय परिषद

१.राष्ट्रिय परिषद पच्चीस सदस्यीय हुनेछ जसमा रहनेछन् :-

क. २० जोङखागका मतदाताले छानेका प्रत्येक जोङखागबाट एक सदस्य

ख. ड्रुक ग्याल्पोले नियुक्त गरेका पाँच प्रतिष्ठित व्यक्तित्वहरु

२. संसदीय काम बाहेक राष्ट्रिय परिषद राष्ट्रिय सुरक्षा एंव सार्वभौमिकता तथा राष्ट्र र जनताको हितलाई असर गर्ने विषयमाथि पुनर्विचार गर्ने निकायका रुपमा रहनेछ र त्यस्तो विषयलाई ड्रुक ग्याल्पो, प्रधानमन्त्री एंव राष्ट्रिय सभामा पुऱ्याउने काम पनि गर्नेछ ।

३. राष्ट्रिय परिषदको कुनै पनि सदस्य वा उम्मेद्वार कुनै पनि राजनैतिक पार्टीसँग सम्बन्धित वा संलग्न हुनेछैन ।

४. हरेक आमचुनावपछिको पहिलो बैठकमा वा आवश्यकता अनुसार पदपूर्ति गर्न, राष्ट्रिय परिषदले आफ्ना सदस्यहरुमध्येबाट सभापति र उपसभापति छान्नेछ ।

५. ड्रुक ग्याल्पोले, आफ्नो छापसहितको आदेशमा, सभापतिलाई डाक्यान प्रदान गरिबक्सनेछ ।
६. राष्ट्रिय परिषदको बैठक बर्षमा कम्तीमा दुई पटक बस्नेछ ।

## धारा १२ : राष्ट्रिय सभा

१. राष्ट्रिय सभामा अधिकतम ५५ सदस्य रहनेछन् जो हरेक जोङ्खागबाट जनसंख्याको अनुपातमा निर्वाचित हुनेछन् । एउटा जोङ्खागबाट दुई भन्दा कम र सात भन्दा बढी सदस्य रहनेछैनन् जसका निम्ति संसदले कानून सम्मत रुपमा हरेक जोङ्खागमा निर्वाचन क्षेत्र निर्धारण गर्नेछ जहाका मतदाताले हरेक निर्वाचन क्षेत्रबाट एक सदस्य राष्ट्रिय सभाका निम्ति सोभ्कै निर्वाचित गर्नेछन् ।
२. हरेक जोङ्खागबाट निर्वाचित हुने सदस्यहरुको संख्या हरेक दश वर्षमा जोङ्खागको परिवर्तित जनसंख्याका आधारमा पुनर्विचार गरिनेछ । तर हरेक जोङ्खागबाट कम्तीमा दुई जना र बढीमा ७ जना सदस्य भन्दा अन्य व्यवस्था गरिनेछैन ।
३. हरेक आमनिर्वाचन पछिको पहिलो बैठकमा वा आवश्यकता अनुसार पदपूर्ति गर्न, राष्ट्रिय सभाले आफ्ना सदस्यहरुमध्येबाट सभामुख र उपसभामुख निर्वाचित गर्नेछन् ।
४. ड्रुक ग्याल्पोले, आफनो छापसहितको आदेशमा, सभामुखलाई डाक्यान प्रदान गरिबक्सनेछ ।
५. राष्ट्रिय सभाको बैठक बर्षमा कम्तीमा दुई पटक बस्नेछ ।

## धारा १३ : विधेयकहरु पारित गर्ने सम्बन्धमा

१. संसदले पारित गरेको विधेयक मस्यौदा ड्रुक ग्याल्पोबाट स्वीकृत भएपछि लागूहुनेछ ।
२. मौद्रिक एंव वित्तीय विधेयकहरु पहिले राष्ट्रिय सभामा प्रस्तुत गरिनेछ भने अन्य विधेयकहरु माथि कुनै पनि सदनबाट छलफल सुरु गर्न सकिनेछ ।
३. कुनै पनि सदनमा विचाराधीन रहेको विधेयक मस्यौदा सदनको अधिवेशन स्थगनका कारण खारेज हुनेछैन ।
४. विधेयकहरु सम्बन्धित सदनको सामान्य बहुमतले पारित गर्न सक्नेछ । दुबै सदनको संयुक्त बैठकमा भने उपस्थित सदस्य संख्याको दुई-तिहाई भन्दा बढी मत प्राप्त भएमा मात्र सो विधेयक पारित भएको मानिनेछ ।
५. एउटा सदनमा विधेयक प्रस्तुत भएर पारित भएको उपधारामा, उक्त सदनले सो विधेयक पारित गरेको मितिले ३० दिन भित्रमा अर्को सदनमा प्रस्तुत गर्नुपर्नेछ तथा सो विधेयक संसदको अर्को अधिवेशनले पारित गर्नेछ । बजेट तथा त्यस्तै अन्य अत्यावश्यक विधेयकहरु भने संसदको सोही अधिवेशनले पारित गर्नुपर्नेछ ।

६. अर्को सदनले पनि उक्त विधेयक पारित गरेमा पारित गरेको मितिले १५ दिन भित्रमा स्वीकृतिका निम्ति ड्रुक ग्याल्पो सामु पेस गर्नुपर्नेछ ।

७. अर्को सदनले सो विधेयक पारित नगरेको उपधारामा, उक्त विधेयक पारित गर्ने सदनमै संसोधन वा असहमतिका बुँदाहरु सहित पुनर्विचारका लागि फर्काईनेछ, जुन विधेयक उक्त सदनले पुनः पारित गरे पारित गरेको मितिले १५ दिन भित्र स्वीकृतिका लागी ड्रुक ग्याल्पो सामु पेस गरिनेछ ।

८. मस्यौदा पहिलोचोटी छलफल गर्ने सदनले अर्को सदनले प्रस्ताव गरेको संशोधन वा असहमतिका बुँदा अमान्य घोषणा गरेमा उक्त विधेयक ड्रुक ग्याल्पो सामु प्रस्तुत गरिनेछ जसले संसदको संयुक्त बैठकलाई पनर्विचार एवं मतदानको निम्ति आदेश जारी गरिबक्सनेछ ।

९. दोस्रो सदनले त्यस्तो विधेयक अर्को अधिवेशनको अन्त्यसम्म पनि पारित वा फिर्ता नगरे सो सदनले उक्त विधेयक पारित गरेको मानिनेछ तथा सो विधेयक माथि सुरुमा छलफल गर्ने सदनले १५ दिन भित्र स्वीकृतिका लागी ड्रुक ग्याल्पो सामु प्रस्तुत गर्नेछ ।

१०. ड्रुक ग्याल्पोले कुनै विधेयक स्वीकृत गर्न असहमति प्रकट गरे, मौसुफबाट त्यस्तो विधेयकलाई संशोधन र असहमतिका बुँदासहित पुनर्विचार र मतदानका निम्ति स ंसदको संयुक्त बैठकमा फर्काउन सकिबक्सनेछ ।

११. यदि त्यस्तो बैठकले सो विधेयक पारित गरेमा ड्रुक ग्याल्पोमा उक्त विधेयक पुनः जाहेर गरिनेछ जसलाई मौसुफबाट स्वीकृति दिइबक्सनेछ ।

## धारा १४ : वित्त, व्यपार र व्यवसाय

१. कानूनले तोकेभन्दा अन्य किसिमले खजना, शुल्क वा अन्य प्रकारका करहरु लागू गरि ने वा परिवर्तन गरिनेछैन ।

२. निश्चित प्रयोजनका निम्ति वितरण गरिए बाहेकको सबै राजस्वलाई एउटा सञ्चित कोषमा राखिनेछ जसबाट राज्यको सम्पूर्ण खर्च व्यहोरिनेछ ।

३. कानूनले दिए भन्दा अन्य प्रकारबाट राष्ट्रिय सञ्चित कोषको सार्वजनिक सम्पत्ति निकालिने छैन ।

४. कानून सम्मत रुपमा राज्यले सार्वजनिक हितका निम्ति कर्जा उठाउन, अनुदान दिन वा कर्जाको ग्यारेन्टी लिन सक्नेछ ।

५. सरकारले सार्वजनिक वित्त प्रणाली र मौद्रिक प्रणालीका निम्ति उपयुक्त व्यवस्थापन मिलाउनेछ । भावी सन्ततिमा सार्वजनिक ऋण सेवाले अनावश्यक भार सृजना गने र्छैन भन्ने सुनिश्चितता गरिनेछ ।

६. आवृत्तव्यय खर्च आन्तरिक श्रोतबाटै पुऱ्याउने सुनिश्चितत सरकारले गर्नेछ ।
७. कम्तीमा एक बर्षको आयात खर्च थेग्न सक्ने विदेशी मुद्राको मौज्दाद राखिनेछ ।
८. अघिल्लो आर्थिक वर्षको आय व्यय प्रतिवेदन सहितको वार्षिक बजेट अर्थ मन्त्रीले राष्ट्रिय सभामा पेश गर्नुपर्नेछ ।
९. आर्थिक वर्ष  लागू हुनुभन्दा पहिले नै संसदले बजेट पारित नगरेको उपधारामा, नयाँ बजेटको व्यवस्था नहुन्जेल चालु खर्च पुरानै बजेटकाबाट व्यहोरिनेछ । प्रचलित कानून अनुसार उठाइएको राजस्व हरेक बर्षको अन्त्यमा विभिन्न क्षेत्रमा बाँडफाँड गरिनेछ । तर चालु बजेटको कुनै एक वा बढी अंश पारित भएमा त्यो लागू गरिनेछ ।
१०. बजेटमा उल्लेख नभएको खर्च, वा अनुमानित बजेट अपुग भएको उपधारामा, साथै बजेटको केही अंश एक भागबाट अर्को भागमा सार्नु परे सो पनि कानून बमोजिम गरिनेछ ।
११. एक आर्थिक बर्ष भन्दा बढीको निम्ति खर्च छुट्याउर्नु पर्ने अवस्था आए त्यस्तो खर्च कानून बमोजिम हुनेछ । त्यस्तो अवस्थामा हरेक successive वार्षिक बजेटमा उक्त बर्षमा भएको खर्च समायोजन गरिनेछ  ।
१२. संसदले एउटा उद्धार कोष खडा गर्नेछ र अदृश्य एंव आपत्कालिन मानवीय उद्धार का निम्ति उक्त कोषबाट खर्च गर्नसक्ने अधिकार ड्रुक ग्याल्पोमा रहनेछ ।
१३. संवैधानिक अंगहरुको स्वतन्त्र सञ्चालनको निम्ति राज्यले पर्याप्त खर्चको व्यवस्था गर्नेछ ।
१४. यस संविधानमा वा कुनै कानूनमा तोकिए बाहेक, सबै जोङ्खागहरुमा वस्तु तथा सेवाको स्वतन्त्र आवत-जावत हुनेछ ।
१५. विदेशी राष्ट्रसँगको व्यापार तथा व्यवसाय कानूनद्वारा व्यवस्थित गरिनेछ ।
१६. राष्ट्रिय सुरक्षा बाहेक अन्य प्रकारको एकाधिकार हुने किसिमको कानून संसदले बनाउने छैन ।

**धारा १५: राजनैतिक दलहरु**

१. राजनैतिक दलले राष्ट्रिय स्वार्थ सर्वोच्च स्थानमा रहनेछ भनी सुनिश्चित गर्नेछन् र यसका लागि उनीहरु जनभावना एवं मूल्य र मान्यताका आधारमा जिम्मेवार सरकार तथा सुशासनको निम्ति विकल्पहरु दिन तयार रहनेछन् ।
२. राजनैतिक दलले राष्ट्रिय एकता एवं प्रगतिशील आर्थिक विकासको प्रवर्द्धन गर्नेछन् एवं राष्ट्रको कल्याणको निम्ति प्रतिवद्ध रहनेछन् ।

३. राजनैतिक दल वा तिनका उम्मेद्वाले निर्वाचनमा मतदातालाई उत्प्रेरित गरेर भोट जित्न क्षेत्रियता, जातीयता र धार्मीक विषयको सहारा लिने छैनन् ।

४. तल दिएका योग्यता र मान्यताहरु पूरा गरेपछि कुनै पनि राजनैतिक दललाई निर्वाचन आयोगले दर्ता गर्न सक्नेछ :-

क. यस संविधानले अयोग्य ठहराएका बाहेक, सो पार्टीका सदस्य भुटानी नागरिक हुनेछन् ।

ख. यसको सदस्यता धर्म, लिगं, भाषा, क्षेत्र वा समाजिक उत्पत्तिमा आधारित छैन ।

ग. यो राष्ट्रव्यपि सदस्यता (cross–national membership) एवं समर्थनको वृहत अवधारणमा आधारित छ र राष्ट्रिय एकता (cohesion) र स्थिरता प्रति कटिबद्ध छ ।

घ. यसले आफ्ना सदस्यहरु बहेक अरु कसैबाट कुनै पनि प्रकारको सहयोग वा पैसा स्वीकार गर्नेछैन र सदस्यहरुले दिने त्यस्तो सहयोगको राशी निर्वाचन आयोगले तोके अनुसार हुनेछ ।

ङ. यसले विदेशी श्रोत, जस्तै सरकारी, गैरसरकारी, निजी संस्था वा व्यक्तिगत, बाट कुनै प्रकारको सहयोग वा पैसा प्राप्त गर्नेछैन ।

च. दलका सदस्यहरुले यस संविधानप्रति विश्वास र इमानदारिता जाहेर गर्नेछन् र अधिराज्यको सार्वभौमिकता, सुरक्षा, एकता र अउपधारातालाई उच्च राख्ने प्रतिज्ञा गरेका छन् ।

छ. दल प्रजातन्त्रको विकास र भुटानको समाजिक, आर्थिक र राजनैतिक समृद्धिका निम्ति स्थापना भएको हो र

ज. यस धाराको उपधारा ११ बमोजिम पहिले नै विघटन गरिएको दल होइन ।

५. राष्ट्रिय सभा चुनावमा दुई दलको सहभागिता रहनेछ र यी प्राथमिक चरणको निर्वाचनबाट छानिनेछन् जुन निर्वाचनमा दर्ता भएका सम्पूर्ण दल सहभागी हुन सक्नेछन् ।

६. संसदीय निर्वाचनको निम्ति आवश्यक दुई दलको छनौटको लागि एक प्राथमिक चरणको चुनाव गरिनेछ, जुन राष्ट्रिय सभाको समयावधि सकिएपछि अर्थात यस धाराको उपधारा १२ बमोजिम बिघटन पछि ।

७. प्राथमिक चरणको निर्वाचनमा सर्वाधिक मत हासिल गर्ने दुई राजनैतिक दललाई उपधारा ५ मा उल्लेख भए बमोजिमको संसदीय निर्वाचनका निम्ति मान्यता दिइएको घोषणा गरिनेछ ।

८. संसदीय निर्वाचनमा राष्ट्रिय सभामा बढी स्थान जित्न सफल दललाई सत्ताधारी पार्टी घोषणा गरिनेछ भने अर्कोलाई विपक्षी । तर कुनै सांसद पद खाली भएपछि

उपनिर्वाचन मार्फत विपक्षि दलले बढी स्थान हासिल गरे सो दललाई सत्ताधारी दल घोषणा गरिनेछ ।

९. राष्ट्रिय सभाको अवधि १८० दिन मात्र भएको उपधारामा भने कुनै पनि निर्वाचन गरिने छैन ।

१०. राष्ट्रिय सभाका सदस्यले एक्लै वा समूहमा एउटा दल त्यागेर अर्को दलमा सम्मिलित हुन पाउने छैनन् ।

११. राजनैतिक दल निम्न अवस्थामा सर्वोच्च अदालतले विघटन भएको घोषणा गर्न सक्नेछ :

क. यदि सो दलको उद्देश्य वा गतिविधिहरु यस संविधानको प्रावधान विपरित देखिएमा,

ख. यदि सो दलले विदेशी श्रोतबाट सहयोग वा पैसा प्राप्त गरेमा

ग. संसदले तोके बमोजिम वा लागू रहेको कानून बमोजिम कुनै त्यस्तै कारण देखा परेमा

घ. निर्वाचन सम्बन्धि कानुनरु उल्लघंन गरेमा

१२. सत्ताधारी दल यस धाराको उपधारा ११ बमोजिम खारेज भएमा वा धारा १० को उपधारा २४ बमोजिम वा धारा १७ को उपधारा ७ बमोजिम सरकार विघटन भएमा राष्ट्रिय सभा पनि विघटन भएको मानिनेछ र तद्अनुरुप यस धाराको उपधारा १ देखि ८ लागू हुनेछ ।

१३. यस धाराको उपधारा १४ बमोजिम विपक्षि दलको निर्वाचन भएको अवस्थामा राष्ट्रिय सभा निलम्बित रहनेछ भने सत्तारुढ दलले त्यस्तो निर्वाचमा भाग लिन पाउने छैन ।

१४. संविधान बमोजिम विपक्षि दल विघटन भएमा निम्न प्रकृयाबाट विपक्षि दलको निर्वाचन गरिनेछ :

क. विपक्षि दल विघटन भएको ६० दिन भित्र निर्वाचन सम्पन्न हुनेछ

ख. विपक्षि दल यस धाराको उपधारा ४ बमोजिम निर्वाचन आयोगमा दर्ता भएका दलमध्यबाट छानिनेछ

ग. विपक्षि दल विघटन भएपछि खाली हुन आएका निर्वाचन क्षेत्रमा निर्वाचन कानुन अनुसार चुनाव सम्पन्न गरेर

१५. त्यस्तो निर्वाचन पश्चात विपक्षी दल तयार भएपछि यस संविधान अनुसार राष्ट्रिय सभाले आफ्नो नियमित कार्य पुनः सुचारु गर्नेछ ।

१६. संसदले, कानून बमोजिम, राजनैतिक दलको गठन, कार्य, आचार संहिता, र अन्तर पार्टी संगठन को नियमन गर्नेछ तथा नियमित लेखा परिक्षण मार्फत दलको आर्थिक पारदर्शिता कायम गर्नेछ ।

**धारा १६ : सार्वजनिक प्रचार-प्रसार खर्च व्यवस्थापन**

१. संसदले, कानून बमोजिम, एउटा सार्वजनिक निर्वाचन कोष स्थापना गर्नेछ जसका लागि राष्ट्रिय सभा र राष्ट्रिय परिषद्को निर्वाचनको समयमा राजनैतिक दल वा उम्मेद्वारलाई आवश्यक पर्ने खर्चको अनुमान निर्वाचन आयोगले गरे अनुसार बार्षिक रुपमा बजेट छुट्याइनेछ ।

२. सार्वजनिक निर्वाचन कोषबाट निर्वाचन आयोगले दर्ता भएका राजनैतिक दलहरु लाई भेदभाव नहुने गरी बाँड्नेछ र त्यस्तो बाँडफाँड लागू रहेको वा संसदले बनाएको कानून बमोजिम हुनेछ ।

३. निर्वाचन आयोगले राष्ट्रिय सभाको निर्वाचनको बेला कुनै पनि राजनैतिक दल वा उम्मेद्वारले गर्ने खर्चको हद्बन्दी निर्धारण गर्नेछ ।

४. निर्वाचन आयोगले निर्वाचन कोष ऐन अनुसार कुनै पनि दलमा आबद्ध व्यक्तिले गर्ने स्वेच्छिक आर्थिक सहयोगको हद्बन्दी निर्धारण गर्नेछ ।

५. निर्वाचन आयोगबाट राजनैतिक दल वा उम्मेद्वारले पाएको रकमको निर्वाचन आयोगले प्रचलित वा संसदले बनाउको कानुन बमोजिम लेखा परिक्षण वा जाँचबुझ गर्न सक्नेछ ।

**धारा १७ : सरकारको गठन**

१. राष्ट्रिय सभाको बहुमत स्थान जित्न सफल दलको नेता वा सो दलले छनौट गरेको व्यक्तिलाई प्रधानमन्त्रीको रुपमा ड्रुक ग्याल्पोले डाक्यान प्रदान गरिबक्सनेछ ।

२. कुनै पनि व्यक्तिले दुई अवधि भन्दा बढी प्रधानमन्त्री हुन पाउनेछैन ।

३. ड्रुक ग्याल्पोले प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रिय सभाका सदस्यहरुमध्येबाट मन्त्रीहरु नियुक्त गरिबक्सनेछ वा प्रधानमन्त्रीको सुझावमा कुनैपनि मन्त्रीलाई पदमुक्त गर्न सकिबक्सनेछ ।

४. प्रधानमन्त्री वा मन्त्री हुने व्यक्ति राष्ट्रिय सभाको निर्वाचित सदस्य र भुटानको प्राकृतिक नागरिक हुनुपर्नेछ ।

५. एकै जोङखागको निर्वाचन क्षेत्रहरुबाट निर्वाचित सदस्यमध्ये दुई जना भन्दा बढीलाई एउटै मन्त्री परिषदमा राखिनेछैन ।

६. राष्ट्रिय सभाको कुल संख्याको एक-तिहाईले सरकारको विरुद्ध अविश्वासको प्रस्ताव ल्याउन सक्ने छ ।

७. सरकार विरुद्धको अविश्वासको प्रस्ताव, राष्ट्रिय सभाको कुल सदस्यहरुमध्ये दुई-तिहाई मतले पारित गरेको उपधारामा ड्रुक ग्याल्पोले उक्त सरकार विघटन गरिबक्सनेछ ।

**धारा १८ : विपक्षी दल**

१. सत्ताधारी दल र सरकारले यो संविधानका प्रावधानहरु अनुरुप कार्य गरेको छ, सुशासनको प्रत्याभूति दिएकोछ, राष्ट्रिय हितको प्रवर्द्धन र जनआकांक्षाको परिपूर्ति गरेको छ भन्ने सुनिश्चितता गर्न विपक्षी दलले रचनात्मक भूमिमा खेल्ने छ ।

२. विपक्षी दलले राष्ट्रिय अउपधाराता, एकता तथा समाजका सबै वर्गमा सौहाद्रता र सहयोगी भावनाको विकास गर्नेछ ।

३. विपक्षी दल संसदमा रचनात्मक र जिम्मेवारपूर्ण अनतर्क्रियामा सहभागी हुनेछ जसले उसलाई सरकारको स्वास्थ्य एवं सम्मानित विपक्षीको रुपमा स्थापित गराउनेछ ।

४. विपक्षी दलले राष्ट्रिय स्वार्थ भन्दा माथि दलीय स्वार्थ हावी हुन दिनेछैन । यसको मुख्य उद्देश्य भनेको सरकारलाई जिम्मेवार, जवाफदेही तथा पारदर्शी बनाउनु हुनेछ ।

५. विपक्षी दललाई निर्वाचित सरकारको विरोध गर्ने, वैकल्पिक नितिगत अडानहरु प्रस्तुत गर्ने (articulate alternative policy position) तथा सरकारको सार्वजनिक क्रियाकलापका विषयमा प्रश्न उठाउने अधिकार हुनेछ ।

६. विपक्षी दलले बाह्य धम्की, प्राकृतिक प्रकोप तथा त्यस्तै अन्य समस्यहरुले राष्ट्रिय जीवनलाई अप्ठेरो पारेको उपधारामा सरकारलाई सहयोग गर्नेछ ।

**धारा १९: अन्तरिम सरकार**

१. राष्ट्रिय सभा विघटन गरिएको अवस्थामा, ड्रुक ग्याल्पोले अन्तरिम सरकार गठन गरिबक्सनेछ जसले निर्वाचन आयोगलाई गठन भएको ९० दिन भित्रमा निष्पक्ष र स्वतन्त्र निर्वाचन गर्न सहयोग पुर्‍याउने छ ।

२. अन्तरिम सरकारमा मुख्य सल्लाहकार र आवश्यकता अनुरुप अन्य सल्लाहकारहरु रहनेछन् जो ड्रुक ग्याल्पोबाट नियुक्त हुनेछन् तथा त्यस्तो नियुक्ति राष्ट्रिय सभा विघटन भएको १५ दिन भित्र गरिनेछ । भुटानका प्रधान न्यायधीशलाई प्रमुख सल्लाहकारका रुपमा नियुक्त गरिनेछ ।

३. अन्तरिम सरकारको गठन भए पछि राष्ट्रिय सभा विघटन हुनु भन्दा अघि बहाल रहेक प्रधानमन्त्री तथा मन्त्रीहरुले तुरुन्त राजीनामा गर्नुपर्नेछ ।

४. अन्तरिम सरकारले दैनिक कार्य सञ्चालन गर्नेछ तर कुनै पनि नीति निर्णय गर्ने र विदेशी मुलुक वा संस्थासित कुनै खाले सम्झौता गर्न सक्नेछैन ।

५. राष्ट्रिय सभा विघटन भएको मितिले ९० दिन भित्र नयाँ सरकार गठन गरिनेछ ।

६. राष्ट्रिय सभाको निर्वाचन पश्चात नयाँ प्रधानमन्त्रीले पदभार ग्रहण गरेपछि अन्तरिम सरकार विघटन भएको मानिनेछ ।

## धारा २० : कार्यपालिका

१. सरकारले देशको सार्वभौमिकताको रक्षा एवं सुदृढिकरण गर्नेछ, सुशासन प्रदान गर्नेछ तथा शान्ति, सुरक्षा एवं जनताको सुख र समृद्धिको सुनिश्चितता गर्नेछ ।

२. कार्यकारी अधिकार ल्येन्न्ये जुन्छोगमा निहित हुनेछ जसमा प्रधानमन्त्रीको नेतृत्वमा मन्त्रीहरु रहनेछन् । मन्त्रीहरुको संख्या सक्षम र सुशासन प्रदान गर्न गठन गरिने मन्त्रालयको संख्याले निर्धारण गर्नेछ । मन्त्रालयको थपघट संसदबाट अनुमोदन हुनुपर्नेछ । मन्त्री नियुक्त गर्न मात्र मन्त्रालय खडा गरिने छैन ।

३. धारा २ को उपधारा १६ र १९ को प्रावधान अनुरुप, ल्येन्न्ये जुन्छोगले ड्रुक ग्याल्पोलाई अन्तराष्ट्रिय मुद्दा र अन्य विषयमा सहयोग र सुझाव दिनेछ, तर ड्रुक ग्याल्पोले ल्येन्न्ये जुन्छोगबाट प्राप्त त्यस्तो सुझाव समान्य वा अन्य किसिमले पुनर्विचार गर्न ल्हन्न्ये जुन्छोगलाई भन्न सकिबक्सनेछ ।

४. प्रधानमन्त्रीले राज्यको कामकाज, अन्तर्राष्ट्रिय मामलाका विषयमा भएका काम कार्वाही बारे समय समयमा ड्रुक ग्याल्पोलाई जानकारी दिनुपर्नेछ र त्यस्तो विषयमा ड्रुक ग्याल्पोले आदेश दिए अनुसार आवश्यक सूचना र फाइलहरु पनि उपलब्ध गराउनु पर्नेछ ।

५. ल्येन्न्ये जुन्छोगले :
   - क. राज्य र समाजमा भएका विकासका गतिविधि एवं आन्तरिक र वाह्य घटनाक्रमबाट उत्पन्न स्थितिको सम्पूर्ण जानकारी राख्नेछ
   - ख. राज्यको उद्देश्यहरु निर्धारण गर्नेछ एवं तिनलाई प्राप्त गर्न चाहिने श्रोतको निर्धारण गर्नेछ ।
   - ग. सरकारी नीतिहरुको संयोजन गर्नेछ तथा तिनको कार्यन्वयनको सुनिश्चितता गर्नेछ र
   - घ. मुलुक भित्र तथा अन्तर्राष्ट्रिय स्तरमा राज्यको प्रतिनिधित्व गर्नेछ ।

६. ल्येन्न्ये जुन्छोगले यस संविधानमा तकिए बमोजिमको प्रजातान्त्रिक मूल्य र सिद्धान्तमा आधारित सक्षम नागरिक प्रशासनको प्रवर्द्धन गर्नेछ ।

७. ल्येन्न्ये जुन्छोग सामूहिक रुपमा ड्रुक ग्याल्पो र संसद प्रति जवाफदेही रहनेछ ।

८. लागू रहेको वा संसदले बनाएको कुनै कानूनका प्रावधानहरु परिमार्जन गर्नु पर्ने, उल्लंघन हुने वा अमिल्दो किसिमको आदेश, निर्देशिका, परिपत्र, नियम वा सूचनाहरु कार्यपालिकाले जारी गर्नेछैन ।

**धारा २१ : न्यायपालिका**

१. न्यायपालिकाले कसैको डर-धम्की बिना, बिना पक्षपात वा ढिला-सुस्ती, कानूनी शासनको अवधारणा अनुरुप निपक्ष र स्वतन्त्र हिसाबले न्याय सम्पादन गर्नेछ एवं यसको संरक्षण र सम्बर्द्धन गर्नेछ जसले निष्ठा र न्यायपालिकाप्रति आत्मा विश्वास बढाउन उत्प्रेरित गर्छ तथा न्यायमा सबैको पहुँच बढाउँछ ।

२. भुटानको न्यायिक अख्तियार न्यायका राजकीय अदालतहरुमा रहनेछ जस अन्तर्गत सर्वोच्च अदालत, हाइकोर्ट, जोङ्खाग अदालत, डुङ्खाग अदालत तथा त्यस्तै अन्य अदालत र समयसमयमा स्थापना गरिएका न्यायधिकारणहरु पर्नेछन् । यस्ता अन्य अदालत तथा न्यायधिकरणहरु राष्ट्रिय न्याय आयोगको सिफारिसमा ड्रुक ग्याल्पोबाट गठन गरिनेछन् ।

३. सर्वोच्च अदालत न्यायिक अभिलेखालयका रुपमा रहनेछ ।

४. राष्ट्रिय न्याय आयोगसितको परामर्शमा ड्रुक ग्याल्पोले, आफ्नो छापसहितको आदेशमा, वरिष्ठ न्यायकर्मीहरु वा सर्वोच्च अदालतका ड्राङ्पोनहरुमध्येबाट भुटानका प्रधान न्यायधीश नियुक्त गरिबक्सनेछ ।

५. राष्ट्रिय न्याय आयोगसितको परामर्शमा ड्रुक ग्याल्पोले, आफ्नो छापसहितको आदेशमा, वरिष्ठ न्यायकर्मीहरु वा हाइकोटका ड्राङ्पोनहरुमध्येबाट सर्वोच्च अदालतका ड्राङ्पोनहरु नियुक्त गरिबक्सनेछ ।

६. पदावधि सम्बन्धमा :

   क. प्रधान न्यायधीशको पदावधि पाँच वर्ष वा ६५ वर्ष उमेर सम्म, जुन पहिले पुग्नेछ, रहनेछ

   ख. सर्वोच्च अदालतका ड्राङ्पोनहरुको पदावधि दश वर्ष वा ६५ वर्ष उमेर सम्म, जुन पहिले पुग्नेछ, रहनेछ ।

७. भुटानको सर्वोच्च अदालत, जसमा प्रधान न्यायधीश र चार ड्राङ्पोनहरु रहनेछन्, हाइकोर्टबाट भएका निर्णय, आदेश वा फैसलाको पुनरावेदन सुन्ने सर्वोच्च निकाय हुनेछ र यसले ती फैसला र आदेशको पुनरावलोकन गर्न सक्नेछ ।

८. यदि कुनै कानूनी प्रश्न, जुन त्यस्तो प्रकृतिको तथा सार्वजनिक रुपमा अत्यन्त महत्वपूर्ण छ र जस सम्बन्धमा सर्वोच्च अदालतको राय तत्काल सुन्नु पर्नेहुन्छ,

ड्रुक ग्याल्पोले त्यस्तो विषय सर्वोच्च अदालतमा पठाउन सकिबक्सनेछ, जसले उक्त विषयमा छलफल गरी आफ्नो राय मौसुफलाई पेश गर्नेछ ।

९. सर्वोच्च अदालतले आफ्नै सक्रियतामा वा प्रमुख न्यायधिवक्ता वा कसैबाट निवेदन परेमा, हाइकोर्टमा विचाराधीन रहेको कुनै पनि मुद्दा फिर्ता लिन सक्नेछ जुन यो संविधानको व्याख्या सम्बन्धी, सार्वजनिक महत्व रहेको कानून माथिको विशेष प्रश्न हुन सक्छ र त्यस्तो मुद्दालाई आफै खारेज गर्न पनि सक्छ ।

१०. मुद्दाको प्रकृति हेरेर त्यस सुहाउदो घोषणा, आदेश, निर्देशिका वा रिट जारी गर्ने आकिार सर्वोच्च अदालत र हाइकोर्ट दुबैलाई हुनेछ ।

११. राष्ट्रिय न्याय आयोगको सिफारिसमा, आफ्नो छाप सहितको आदेशमा, ड्रुक ग्याल्पोले हाइकोर्टका ड्राङ्पोनहरु वा वरिष्ठ न्यायकर्मीहरु मध्येबाट हाइकोर्टका मुख्य न्यायधीश नियुक्त गरिबक्सनेछ ।

१२. राष्ट्रिय न्याय आयोगको सिफारिसमा, आफ्नो छाप सहितको आदेशमा, ड्रुक ग्याल्पोले वरिष्ठ न्यायकर्मीशहरु वा जोङ्खाग अदालतका ड्राङ्पोनहरुमध्येबाट हाइकोर्टका ड्राङ्पोनहरु नियुक्त गरिबक्सनेछ ।

१३. हाईकोर्टका मुख्य न्यायधीश र ड्राङ्पोनहरुको पदावधि दश वर्ष वा ६५ बर्ष उमेरसम्मको हुनेछ ।

१४. भुटानको हाईकोर्ट, जसमा मुख्य न्यायधीश र आठ ड्राङ्पोनहरु हुनेछन्, जोङ्खाग अदालतहरु र न्यायधिकरणहरुबाट कुनै पनि बिषयमा अपिल सुन्ने निकायका रुपमा रहनेछ र जोङ्खाग अदालत तथा न्यायधिकरणको अधिकार अर्न्तगत नपरेको विषयमा यसको प्ररम्भिक क्षेत्राधिकार पर्नेछ ।

१५. सर्वोच्च अदालत र हाईकोर्टका ड्राङ्पोनहरुको स्वतन्त्रताको प्रत्याभूति गरिने छ । तर अनुचित व्यवहार गरेको प्रमाण सहित राष्ट्रिय न्याय आयोगले ड्रुक ग्याल्पोलाई सो ड्राङ्पोनलाई महाभियोग लगाइहाल्नु पर्ने छैन भन्ने आशयसतिको सिफारिस गरेमा त्यस्तो व्यवहार गर्ने ड्राङ्पोनको स्वतन्त्रतालाई निगरानीमा राख्न वा निलम्बन गर्न सकिनेछ ।

१६. कानून बमोजिम, संसदले निश्पक्ष र स्वतन्त्र प्रशासनिक न्यायधिकरणहरु साथै झैझगडा समाधानका वैकल्पिक केन्द्रकरु स्थापना गर्न सक्नेछ ।

१७. ड्रुक ग्याल्पोले, आफ्ने छाप सहितको आदेशमा, राष्ट्रिय न्याय आयोगका सदस्यहरु नियुक्त गरिबक्सनेछ । राष्ट्रिय न्याय आयोग निम्न किसिमको रहनेछ :

क. भुटानका प्रधान न्यायधीश, सभापति

ख. सर्वोच्च अदालतका एक वरिष्टतम् ड्राङ्पोन

ग. संसदीय समितिको सभापति र

घ. प्रमुख न्यायधिवक्ता

१८. धारा ७ को उपधारा २३ बमोजिम संवैधानिक वा कानुनी प्रश्नमा कुनै पनि व्यक्तिलाई न्यायलय जाने अधिकार हुनेछ ।

**धारा २२ : स्थानीय सरकार**

१. अधिकार र अख्तियार विकेन्द्रित गरी स्थानीय सरकारलाई सुम्पिइनेछ जसले आफ्नो सामाजिक, आर्थिक र वातावरणीय समृद्धिको निम्ति स्वयं जनतालई ती क्षेत्रको विकास तथा व्यवस्थापनमा सोभै सहभागी गराउन सहजता प्रदान गर्ने छ ।

२. जोङखाग छोग्डु, गेवाग छोग्डे र थ्रोम्डे छाग्डे गरी भुटानको स्थानीय सरकार देशको २० वटै जोङखागमा रहनेछ ।

३. स्थानीय क्षेत्रलाई प्रभाव पार्ने मुद्दालाई सार्वजनिक अन्तर्क्रियात्मक मञ्चमाफत स्थानीय सरकारले केन्द्रिय शासन व्यवस्थाले स्थानीय स्वार्थलाई प्राथमिकता दिएकोछ भन्ने प्रत्याभूत गर्नेछ ।

४. स्थानीय सरकारको उद्देश्य निम्न बमोजिम रहनेछ :

    क. स्थानीय जनसमुदायलाई प्रजातान्त्रिक एवं उत्तरदायी सरकारको प्रत्याभूति दिनु
    ख. जनसमुदायलाई दीर्घकालीन सेवाको प्रत्याभूति दिनु
    ग. स्थनीय शासन व्ययस्थामा जनसमुदाय र तिनका संगठनलाई सहभागी हुन प्रेरित गर्नु र
    घ. संसदले बनाएको कानूनमा तोकिए अनुसार अन्य दायित्व पूरा गर्नु

५. यस धारामा उल्लेख भएका उद्देयहरु पूरा गर्न आफ्नो आर्थिक र प्रशासनिक क्षमताले भ्याएसम्म स्थानीय सरकारले प्रयासहरु जारी राख्नेछ ।

६. जोङ्खाग छोग्डु निम्न बमोजिमको हुनेछ :

    क. प्रत्येक गेवोगबाट निर्वाचित दुई प्रतिनिधिका रुपमा गप र माङ्मी
    ख. जोङ्खाग थ्रोम्डेबाट निर्वाचित एक प्रतिनिधि
    ख. जोङ्खाग येन्लाग थ्रोम्डेबाट निर्वाचित दुई प्रतिनिधि

७. गेवोग छोग्डेमा छोग्पाहरु निर्वाचित गर्न हरेक गेवोगलाई चिवोगमा विभाजित गरिनेछ । गेवोगका जनताले निर्वाचित गरेको गप र माङ्मी गेवोग छाग्डेका सदस्य हुनेछन् तथा गप गेवोग छाग्डेको सभापति हुनेछ ।

८. जोङ्खाग थ्रोम्डेका मतदाताले निर्वाचित गरेको थ्राम्पोन थ्रोम्डे छोग्डेको सभापति रहनेछ । थ्रोम्पोनको काम तथा अधिकार संसदले बनाएको कानूनले निर्धारण गर्नेछ ।

९. थ्रोम्डे छोग्डेका सदस्यहरुको निर्वाचन प्रयोजनको निम्ति जोङ्खाग थ्रोम्डेलाई विभिन्न निर्वाचन क्षेत्रमा विभाजित गरिनेछ ।

१०. एउटा गेवोग छाग्डे वा थ्रोम्डे छोगडेमा बढीमा १० र कम्तिमा सात जना निर्वाचित सदस्य रहनेछन् ।

११. जोङखाग छोग्डुले आफ्ना सदस्यहरुमध्येबाट सभापति निर्वाचित गर्नेछ ।

१२. जोङखाग छोग्डुको बैठक बर्षमा कम्तीमा दुईपटक र गेवोग छोग्डे तथा थ्रोम्डे छोग्डेको बैठक बर्षमा कम्तीमा तीन पटक बस्नेछ ।

१३. स्थानीय निकायको बैठकमा कोरम तयार गर्न सो निकायको सदस्य संख्यको न्यूनतम दुई-तिहाई सदस्यहरुको उपस्थिति रहनु पर्नेछ ।

१४. कार्यकाल समापन हुनुभन्दा अघि नै अन्य कारणले स्थानीय सरकारको कुनै पद खाली भए खाली भएको मितिले ९० दिन भित्र सो पदका लागि चुनाव गराइनेछ ।

१५. स्थानीय सरकारका सदस्यले आफनो पदभार संहाल्नु अघि यस संविधानको अनुसूचि तीनमा भए बमोजिमको गोपनियताको सपथ लिनुपर्नेछ ।

१६. स्थानीय सरकारमा रहने सदस्यहरुको निर्वाचन भुटानको निर्वाचन कानुन अनुसार गरिनेछ ।

१७. स्थानीय सरकारमा निर्वाचित हुने व्यक्तिहरु राजनैतिक दलका सदस्य हुने छैनन् ।

१८. स्थानीय सरकारलाई :

   क. सरकारले प्रशासनिक, प्राविधिक एवं व्यवस्थापकीय क्षमता र संरचनाको विकासमा सहयोग पुऱ्याउनेछ जुन जिम्मेवार, पारदर्शी एवं जवाफदेही किसिमको हुनेछ

   ख. उपयुक्त खजना, दस्तुर, चुंगीकर र शुल्कहरु नियम अनुसार बटुल्ने वा लगाउने अधिकार हुनेछ जुन संसदले बनाएको कानून बमोजिम हुनेछ

   ग. सरकारबाट वार्षिक अनुदानका रुपमा पर्याप्त आर्थिक श्रोतहरु प्रप्त हुनेछ

   घ. स्थानीय स्वशासनलाई स्वावलम्बी र दीगो बनाउन राष्ट्रिय आयको उपयुक्त अंश छुट्याइनेछ

   ङ. क्षेत्रगत विकास योजनाहरु holistic र एकीकृत रुपमा प्रवर्द्धन गर्न सरकारले सघाउने छ

   च. आफ्नै जिम्मेवारीमा कुनै प्रकारको सम्पत्ति आर्जन गर्न वा ऋण प्राप्त गर्न सक्ने अधिकार हुनेछ र त्यस्तो अधिकार संसदले बनाएको कानून अनुसार हुनेछ ।

१९. स्थानीय सरकारलाई सरकारी कर्मचारीमा आधारित प्रशासकीय संयन्त्रले सहयोग गर्नेछ ।

२०. प्रमुख प्रशासकको रुपमा प्रत्येक जोङ्खागमा एक जोङ्दा रहनेछन् जसको मातहतमा अरु कर्मचारी रहनेछन् । जोङ्दाको कुनै राजनैतिक संलग्नता हुनेछैन तथा उसले प्रमुख प्रशासकको रुपमा जनता र देशको हितमा आफ्ना कर्तव्यहरु पूरा गर्नेछ ।

२१. जोङखाग छोग्डु, गेवोग छोग्डे तथा थ्रोम्डे छोग्डे, समयावधि भन्दा अघि नै विघटन नगरिए, तिनीहरुको निर्वाचन पछिको पहिलो बैठकको मितिले पाँच वर्षसम्म काम गर्नेछन् ।

२२. जोङ्दा र स्थानीय सरकारको काम तथा अधिकार संसदले बानएको कानुन बमोजिम हुनेछ ।

## धारा २३ : निर्वाचन

१. यो संविधान अन्तर्गत जनचाहना नै सरकार बनाउने आधार हुनेछ जुन आवधिक निर्वाचनमार्फत व्यक्त गरिनेछ ।

२. एक व्यक्तिको वालिग मताधिकारको आधारमा निर्वाचनका बेला गोप्य मतदान गर्ने अधिकार रहनेछ यदि उक्त व्यक्ति :

क. भुटानी नागरिकताको प्रमाणपत्र प्राप्त छ भने

ख. अठार बर्ष भन्दा कम उमेरको छैन भने

ग. निर्वाचन हुनु भन्दा कम्तीमा एक वर्ष अगावै उक्त निर्वाचन क्षेत्रमा दर्ता भएको छ भने

घ. यदि भुटानमा प्रचलित अन्य कानूनले मतदान गर्न अयोग्य ठहऱ्याएको छैन भने ।

३. यस संविधान अन्तर्गतको निर्वाचित पदमा उठ्न चाहाने उम्मेद्वार हुनुपर्नेछ :

क. एक भुटानी नागरिक

ख. सोही निर्वाचन क्षेत्रमा दर्ता भएको

ग. संसद र स्थानीय सरकारको सदस्यको निर्वाचनका निम्ति आफ्नो उम्मेद्वारी दर्ता गरको समयमा २५ वर्ष पुगेको र ६५ वर्ष ननाघेको

घ. विदेशी सरकारी, गैर सरकारी, निजी संस्था, समूह वा व्यक्ति बाट आर्थिक वा अन्य सहयोग प्राप्त नगरेको

ङ. निर्वाचन कानुन अनुसार आवश्यक शैक्षिक एवं अन्य योग्यता पूरा गरेको

४. यस संविधान अन्तर्गत कुनै व्यक्तिलाई निर्वाचित पदमा रहन वा उम्मेद्वार हुन अयोग्य मानिनेछ यदि उक्त व्यक्ति :
   क. अभुटानीसित विवाह गरेको छ भने
   ख. सरकारी सेवाबाट बर्खास्त गरिएको छ भने
   ग. कुनै आपराधिक क्रियाकलापको आरोप लागेको वा जेल परको छ भने
   घ. सरकारलाई तिर्नु पर्ने खजना वा अन्य रकम बक्यौता छ भने
   ङ. कानूनले तोके बमोजिम, कुनै न्यायोचित वा उपयुक्त कारण नदिई निर्वाचनको समयमा भएको खर्च विवरण समयमा र तोकिएको प्रकारले बुझाउन सकेको छैन भने
   च. सरकारी सेवा वा सार्वजनिक कम्पनी वा निगममा पदवहाल छ भने वा
   छ. संसदले बनाएको कुनै पनि कानून बमाजिम अयोग्य ठहरिएको छ भने

५. यस धाराको उपधारा ४ बमोजिम अयोग्य ठहऱ्याईएको सम्बन्धमा यसै धाराको उपधारा ७ मा उल्लेख भए अनुसार संसदले बनाएको कानून बमोजिम निर्वाचन अपिल दर्ता भए सो विषयमा हाईकोर्टले निसाफ गर्नेछ ।

६. मतदातालाई निष्पक्ष रुपमा छनौट प्रक्रियामा सहयोग पुऱ्याउन, कुनै निर्वाचित पदका निम्ति आफ्नो उम्मेद्वारी दर्ता गर्ने व्यक्तिले आफ्नो उम्मेद्वारी मनोनयनसँगै निम्न कुरा समेटिएको बकपत्र पनि पेश गर्नु पर्नेछ :
   क. उसको, उसको श्रीमान वा श्रीमती तथा आश्रित छोराछोरीको आय विवरण तथा सम्पत्ति
   ख. व्यक्तिगत विवरण एवं शैक्षिक योग्यता
   ग. आपराधिक आरोप सम्बन्धि विवरण, यदि छ भने र
   घ. यदि कुनै कसुर, जुन एक वर्ष भन्दा बढी सजाय हुने प्रकृतिको छ, का कारण मुद्दा विचाराधीन छ भने र त्यस्तो विषयमा उम्मेद्वारी मनोनयन गर्नु भन्दा अघि नै कुनै न्यायलयले साविति बयान लिएको वा त्यस्तो आरोप तयार गरिएको छ भने ।

७. संसदले, कानून बमोजिम, निर्वाचन सम्बन्धि वा त्यससँग जोडिएको सम्पूर्ण विषयका प्रावधानहरु तयार गर्नेछ जसमा संसद एवं स्थानीय सरकारको निर्वाचन विषयमा परेका उजुरीको सुनुवाई, राजनैतिक दलका निम्ति आचार संहिता, निर्वाचन प्रचार-प्रसार सम्बन्धि विधि र संसद एवं स्थानीय सरकारको गठनका निम्ति चाहिने अन्य कुनै पनि विषयवस्तु पर्नेछन् ।

## धारा २४: निर्वाचन आयोग

१. एक निर्वाचन आयोग रहनेछ जसमा निर्वाचन पञ्जिका र निर्वाचन कार्यक्रमको आवधिक अध्यावधि गर्ने, तयारी गर्ने र स्थानीय सरकार एवं संसदको निर्वाचनको सुपरिवेक्षण, निर्देशन, नियन्त्रण र सम्पन्न गर्ने तथा निपक्ष रुपमा जनमतसंग्रह गराउने दायित्व रहनेछ ।
२. निर्वाचन आयोग स्वतन्त्र हुनेछ जसमा प्रधानमन्त्री, भुटानका प्रधान न्यायधीश, सभामुख, राष्ट्रिय परिषदका सभापति तथा विपक्षी दलको नेताले संयुक्त रुपमा सिफारिस गरेका व्यक्तिहरुमध्येबाट ड्रक ग्याल्पोबाट नियुक्त प्रमुख निर्वाचन आयुक्त एवं अन्य दुई सदस्य रहनेछन् ।
३. प्रमुख निर्वाचन आयुक्त एवं सदस्यहरुको पदावधि पाँच वर्ष वा ६५ वर्षसम्म, जुन पहिले पुग्नेछ, को हुनेछ ।
४. संसद र स्थानीय सरकारको निर्वाचन प्रयोजनका निम्ति निर्वाचन क्षेत्रको निर्धारण गर्ने अधिकार निर्वाचन आयोगमा हुनेछ ।
५. निर्वाचन आयोगले राष्ट्रिय सभा विघटन भएको ९० दिन भित्र कानून बमोजिम निर्वाचन सम्पन्न गरी राष्ट्रिय सभा पुनर्गठन हुनेछ भन्ने सुनिश्चितता संसदले गर्नेछ ।
   राष्ट्रिय परिषदको हकमा निर्वाचन त्यस प्रकारले गरिनेछ जसबाट उक्त निकायको समयावधि सिद्धिएको मितिमै सो निकाय पुनर्गठन हुनेछ भने जोङ्खाग छोग्डु, गेवोग छोग्डे तथा थ्रोम्डे छोग्डे विघटन गरिएको हकमा भने विघटन भएको मितिले ९० दिन भित्र निर्वाचन सम्पन्न गरि उक्त निकाय पुनर्गठन गरिसक्नु पर्नेछ ।
६. निर्वाचन आयोगले निर्वाचन कानुन बमोजिम काम गर्नेछ ।

## धारा २५: राजकीय लेखा परिक्षक

१. सार्वजनिक श्रोतहरुको प्रयोगको क्षमता, प्रभावकारिता तथा आर्थिक मितव्ययिताको लेखा परिक्षण गर्न र प्रतिवेदन तयार पार्न एक राजकीय लेखा परिक्षकको व्यवस्था हुनेछ ।
२. राजकीय लेखा परिक्षकको कार्यलय एउटा स्वतन्त्र निकाय हुने छ जसको नेतृत्व प्रमुख लेखा परिक्षकले गर्नेछन् एवं सो व्यक्ति प्रधान मन्त्री, भुटानका प्रधान न्यायधीश, सभामुख, राष्ट्रिय परिषदका सभापति र विपक्षी दलका नेताले संयुक्त रुपमा सिफारिस गरेका व्यक्तिहरुमध्येकाट ड्रुक ग्यल्पोले नियुक्त गरिबक्सनेछ ।

३. प्रमुख लेखा परिक्षकको पदावधि पाँच वर्ष वा ६५ वर्ष उमेरसम्म, जुन पहिले पुग्नेछ, को हुनेछ ।

४. राजकीय लेखा परिक्षकको कार्यलयले डर, पक्षपात वा भेदभाव बिना राजकीय सरकारका सबै कार्यलय र विभागको लेखा परिक्षण गर्नेछ जसमा व्यवस्थापिका एवं न्यायपालिका अन्तर्गतका सबै कार्यलयहरु, सार्वजनिक कोष प्रयोग गर्ने सबै निकायहरु, प्रहरी तथा सुरक्षा निकायहरु साथै राजस्व र अन्य आयश्रोतहरु तथा भुटानको advances र मौज्दाद सम्बन्धि विषयहरु पर्नेछन् ।

५. प्रमुख लेखा परिक्षकले एउटा वार्षिक लेखा प्रतिवेदन ड्रुक ग्याल्पो, प्रधानमन्त्री र स ंसदलाई बुझउनु पर्नेछ ।

६. संसदले पाँच सदस्यीय सार्वजनिक लेखा समिति गठन गर्नेछ जसमा संसदका ती सदस्यहरु पर्नेछन् जो लेखा परिक्षण विषयमा दख्खल राख्छन् र यस समितिले वार्षिक लेखा प्रतिवेदन र प्रमुख लेखा परिक्षकले पेश गरेका अन्य कुनै पनि प्र तिवेदनको पुनर्मूल्यांकन गरी सो विषयमा संसदलाई जानकारी दिनेछ ।

७. राजकीय लेखा परिक्षकको कार्यलय लेखा ऐन अनुसार सञ्चालन हुनेछ ।

**धारा २६: राजकीय निजामति सेवा आयोग**

१. एक राजकीय निजामति सेवा आयोग रहनेछ र यसले स्वतन्त्र तथा अराजनैतिक नागरिक सेवाको प्रवर्द्धन गर्नेछ जसले सार्वजनिक कामहरु सक्षम, सबल र जवाफदेही हिसाबले पूरा गर्नेछ ।

२. आयोगमा एक सभापति र चार सदस्यहरु रहनेछन् र यिनीहरु प्रधानमन्त्री, भुटानका प्रधान न्यायधीश, सभामुख, राष्ट्रिय परिषदका सभापति र विपक्षी दलका नेताले स ंयुक्त रुपमा सिफारिस गरेका व्यक्तिहरुमध्येबाट आयोगका कार्यहरुलाई प्रभावकारी बनाउन सक्ने योग्यता र अनुभव भएकालाई ड्रुक ग्यल्पोले नियुक्त गरिबक्सनेछ ।

३. आयोगका सभापति र सदस्यहरुको पदावधि पाँच वर्ष वा ६५ वर्षसम्म, जुन पहिले पुग्नेछ, को रहनेछ ।

४. आयागले के सुनिश्चितता गर्नेछ भने कर्मचारीले सार्वजनिक सेवा पेशागत धर्म र उच्च इमान्दारिताका साथ निर्वाह गर्नेछन् जसले सुशासन र सामाजिक न्याय दिनेछ तथा सरकारी नीति र कार्यक्रमहरु लागू गर्न सहज बनाउनेछ ।

५. फाइदा, उत्पादकत्व र समताको आभारमा आयोगले कर्मचारी नियुक्ति, भर्ती, तालिम, सरुवा र बढुवामा समान र एकरुपता रहने नियम लागु गर्ने भन्ने सुनिश्चितता गर्नुपर्नेछ ।

६. प्रशासनिक अदालत मार्फत न्याय पाउने कर्मचारीको अधिकारको प्रत्याभूति आयागले गर्नेछ जुन प्रशासनिक निर्णय, सो आयोगको समेत गरेर, विरुद्धको अपील सुन्नका निम्ति धारा २१ को उपधारा १५ बमोजिम गठन गरिनेछ ।
७. प्रशासनिक निर्णयका कारण अप्ठ्यारोमा परेका सबै कर्मचारीलाई आयोगमा निर्वाध पहुँच रहनेछ ।
८. आयोगको बैठक नियमित बस्नेछ र यसको एक स्थायी सचिवालय रहनेछ एवं यसले सरकारको personnel agency का रुपमा कार्य गर्नेछ ।
९. आयोगले आफ्ना नीति र उपलब्धिका विषयमा वार्षिक प्रतिवेदन ड्रुक ग्याल्पो र प्र धानमन्त्रीलाई बुझाउनेछ ।
१०. राजकीय नागरिक सेवा आयोग नागरिक सेवा ऐन अनुसार सञ्चालन हुनेछ ।

## धारा २७: भ्रष्टचार विरुद्धको आयोग

१. सभापतिको नेतृत्वमा अन्य दुई सदस्यी स्वतन्त्र निकायका रुपमा भ्रष्टचार विरुद्धको आयोग रहनेछ । संसदले बनाएको कानून बमोजिम आफ्नो अधिकार र कार्यनीति मार्फत यसले देशमा भ्रष्टचार नियन्त्रण तथा रोकथाम गर्न विभिन्न तरिकाहरु अवलम्बन गर्नेछ ।
२. प्रधानमन्त्री, भुटानका प्रधान न्यायधीश, सभामुख, राष्ट्रिय परिषदका सभापति र विपक्षी दलका नेताले संयुक्त रुपमा सिफारिस गरेका व्यक्तिहरुमध्येबाट ड्रुक ग्याल्पोले आयोगका सभापति र सदस्यहरुको मनोनयन गरिबक्सनेछ ।
३. आयोगका सभापति र सदस्यहरुको पदावधि पाँच वर्ष वा ६५ वर्ष उमेरसम्म, जुन पहिले पुग्नेछ, को रहनेछ ।
४. आयोगले आफ्ना नीति तथा उपलब्धिका विषयमा एउटा वार्षिक प्रतिवेदन ड्रुक ग्याल्पो, प्रधानमन्त्री र संसदलाई बुझाउनेछ ।
५. आयोगको छानबीनका आधारमा कुनै व्यक्ति, समूह वा संगठनलाई कार्वाही गर्नु पर्ने भए प्रमुख न्यायधिवक्ताको कार्यलयले अदालत मार्फत सो सम्बन्धि काम तुरुन्त गर्नेछ ।
६. भ्रष्टचार विरुद्धको आयोगले भ्रष्टचार नियन्त्रण सम्बन्धि ऐन बमोजिम कार्य गर्नेछ ।

## धारा २८ : सुरक्षा

१. सैन्य बल तथा सशस्त्र फौजको सर्वोच्च अधिपति ड्रुक ग्यल्पो होईबक्सनेछ ।
२. राजकीय सुरक्षा गार्ड ड्रुक ग्याल्पोको सुरक्षामा जिम्मेवार हुनेछ भने राजकीय भुटान सेना पेशागत सैन्यबलको रुपमा रहनेछ तथा दुवै निकाय संयुक्त रुपमा भुटानको रक्षार्थ सुरक्षा फौजको रुपमा रहनेछन् ।

३. गृह मन्त्रलय अन्तर्गत रहने राजकीय भुटान प्रहरी भुटानको शान्ति सुव्यवस्था कायम गर्न तथा अपराध नियन्त्रण गर्नमा जिम्मेवार हुनेछ एवं यसलाई राष्ट्रिय सुरक्षा बलको महत्वपूर्ण अंगको रुपमा लिइनेछ ।
४. संसदले, कानून बमोजिम, राष्ट्रिय सुरक्षा बलको विस्तारको निम्ति देशका वयस्क मानिसहरुलाई अनिवार्य भर्ती गराउन सक्नेछ ।
५. देशको भलाई एवं राष्ट्रिय सुरक्षाको खातिर राज्य सशस्त्र बलको व्यवस्थापन प्रति जिम्मेवार रहनेछ ।
६. आफ्नो प्रतिरक्षा एवं सुरक्षा, प्रादेशिक अउपधाराता र सार्वभौमिकता बचाई राख्न बाहेक भुटानले आफ्नो सुरक्षा बल कुने पनि विदेशी राज्य विरुद्ध परिचालन गर्नेछैन ।

**धारा २९ : प्रमुख न्यायधिवक्ता**

१. सरकारको कार्यक्षेत्र र अधिकार तथा त्यस्तै तोकिएको कानूनी विषयमा काम गर्नको निम्ति एक स्वतन्त्र निकायको रुपमा प्रमुख न्यायधिवक्ताको कार्यलय रहनेछ ।
२. प्रधानमन्त्रीको सिफारिमा वरिष्ठ न्यायकर्मीहरुमध्येबाट, आफ्नो छाप सहितको आदेशमा, ड्रुक ग्याल्पोले प्रमुख न्यायधिवक्ता नियुक्त गरिबक्सनेछ ।
३. मुख्य कानून अधिकारीका रुपमा प्रमुख न्यायधिवक्ता सरकारको कानूनी सल्लाहकार एवं कानून प्रतिनिधिका रुपमा रहनेछन् ।
४. आफ्नो कर्तव्य पूरा गर्ने क्रममा प्रमुख न्यायधिवक्तालाई कुनै पनि अदालतमा उपस्थित हुने अधिकार हुनेछ ।
५. कानून बमोजिम कुनै पनि मुद्दा दायर गर्ने, प्रस्ताव गर्ने वा फिर्ता लिने अधिकार प्रमुख न्यायधिवक्तालाई हुनेछ ।
६. संसदमा उपस्थित भई कुनै पनि कानूनी विषयमा आफ्नो विचार राख्न सक्ने अधिकार प्रमुख न्यायधिवक्तालाई हुनेछ ।
७. प्रमुख न्यायधिवक्ताले एउटा वार्षिक प्रतिवेदन ड्रुक ग्याल्पो र प्रधानमन्त्रीलाई बुझाउनु पर्नेछ ।
८. प्रमुख न्यायधिवक्ताको कार्यलयले प्रमुख न्यायधिवक्ताको कार्यलय सम्बन्धि ऐन अनुसार कार्य गर्नेछ ।

**धारा ३० : भुक्तानी आयोग**

१. सभापतिको नेतृत्वमा एक स्वतन्त्र भुक्तानी आयोग रहनेछ र यो समय समयमा प्रधानमन्त्रीको सिफारिसमा गठन गरिनेछ ।

२. भुक्तानी आयोगले देशको आर्थिक अवस्था र यो संविधनका अन्य प्रावधानलाई मध्यनजर गरी राजकीय नागरिक सेवा आयोग, न्यायपालिका, शसस्त्र फौज, संसद र स्थानीय सरकारका सदस्य, ड्राटछाङ र अन्य सबै सरकारी कर्मचारीको तलब, भत्ता, सुविधा, क्षतिपूर्ति वा अन्य साहुलियतको ढाँचा पुनर्मूल्यंकन गरी सरकारलाई सिफारिस गर्नेछ ।

३. आयोगले गरेको सिफासरिस ल्हन्ये जुन्छोगको स्वीकृति र संसदले गरेको फेरबदल र शर्तका आधारमा मात्र लागू हुनेछ ।

**धारा ३१ : संवैधनिक पद बहालवालाहरु**

१. निम्न शर्तहरु पूरा नगरी यो संविधानले तोकेको संवैधानिक पदमा कोही पनि बहाल हुन सक्ने छैन :

क. भुटानको प्राकृतिक नागरिक र

ग. अभुटानीसित विवाह नगरेको

२. यो संविधान बमोजिम निम्न व्यक्तिहरु संवैधानिक पदाधिकारी मानिनेछन् :

क. भुटानका प्रधान न्यायधीश र सर्वोच्च अदालतका ड्राङ्पोनहरु

ख. हाईकोर्टका प्रमुख न्यायधीश र ड्राङ्पोनहरु

ग. प्रमुख निर्वाचन आयुक्त

घ. प्रमुख लेखा परिक्षक

ङ. राजकीय नागरिक सेवा आयोगका सभापति

च. भ्रष्टचार विरुद्धको आयोगका सभापति

३. संवैधानिक पदमा रहने व्यक्तिको राजनैतिक संलग्नता हुने छैन ।

४. संवैधानिक पदमा रहने व्यक्ति पुनर्नियुक्तिका निम्ति अयोग्य ठहर्नेछ ।

५. संसदले, कानून मार्फत, संवैधानिक पदाधिकारीहरुको शैक्षिक र अन्य आवश्यक योग्यता निर्धारण गर्नेछ ।

६. आफ्नो पद बहाल गर्नु अघि संवैधानिक पदाधिकारीहरुले अनुसूचि तीनमा दिए बमोजिमको पद तथा गोपनियता वा प्रतिवद्धताको शपथ लिनु पर्नेछ ।

७. संवैधानिक पदाधिकारीहरुको तलब, पदावधि, अनुशासन र अन्य विषय कानूनले ताक्नेछ तर त्यस्तो तलब र सुविधहरु नियुक्तिपछि उनीहरुलाई असर गर्ने गरी घटबढ गरिने छैन ।

**धारा ३२ : महाभियोग**

१. संवैधानिक पदाधिकारीहरुलाई संसदले महाभियोग लाएर मात्र पदमुक्त गर्न सक्नेछ ।

२. संवैधानिक पदाधिकारीहरुलाई असक्षमता वा अनुचित व्यवहार गरेको भनी स ंसद सदस्यको दुई-तिहाई भन्दा बढी मतले निर्णय पारित गरेमा मात्र महाभियोग लगाइएको मानिनेछ ।

३. महाभियोग प्रकरण सम्बन्धि सबै संसदीय कार्वाहीहरुको सभापतित्व भुटानका प्रधान न्यायधीशले गर्नेछन् भने भुटानका प्रधान न्यायधीशको सम्बन्धमा सर्वोच्च अदालत वरिष्ठ न्यायधीशले ।

४. महाभियोग प्रकरण सम्बन्धि विषयमा प्रमुख न्यायधिवक्ताले लिखित रिर्पोट सभामुखलाई बुझाउनेछन् ।

६. महाभियाग प्रकरणको प्रकृया प्राकृतिक न्यायको सिद्धान्तमा आधारित हुनेछ एवं यो संसदले बनाएको कानून बमोजिम हुनेछ ।

**धारा ३३ : संकटकालीन अवस्था**

१. वाह्य अतिक्रमण वा शसस्त्र विद्रोहका कारण भुटानको वा कुनै भागको सार्वभौमिकता, सुरक्षा र भौगोलिक अउपधारातामाथि खतरा उत्पन्न हुन आएमा प्र धानमन्त्रीको लिखित सुझावमा ड्रुक ग्याल्पोबाट संकटकालीन अवस्थाको घोषणा गरिबक्सनेछ ।

२. प्रधानमन्त्रीको लिखित सुझावमा ड्रुक ग्याल्पोबाट सार्वजनिक संकटकाल वा प्र कोपको अवस्था घोषणा गरिबक्सनेछ जति खेर राष्ट्रको सम्पूर्ण र कुनै भागलाई प्र तिकुल हुने अवस्था सृजना भएको हुनेछ र यस्तो अवस्थामा सरकारले स्थितिको मूल्यांकन गरेर आवश्यकता अनुसार यो संविधानले नतोकेका कदमहरु पनि चाल्न सक्नेछ ।

३. उपधारा १ वा २ बमोजिम लागू रहेको संकटकालीन अवस्था संसदको संयुक्त बैठकमा संसद सदस्यको दुई-तिहाई मतले त्यस्तो अवस्थालाई निश्चित समयसम्म लम्ब्याउन सकिनेछ भनी पारित नगरेको उपधारामा संकटकालिन अवस्था लागू भएको मितिले २१ दिन भन्दा बढी रहने छैन ।

४. राष्ट्रिय सभाका एक-चौथाई सदस्यले त्यस्तो संकटकालीन अवस्थाको वा निरन्तरताको खारेजीको निर्णय गर्न लिखित रुपमा संसदको बैठक नभएको अवस्थामा ड्रुक ग्याल्पामो र संसद अधिवेशन भएको अवस्थामा सभामुख सामु निवेदन दिन सक्नेछन् ।

५. त्यस्तो निर्णय सभामुख वा ड्रुक ग्याल्पोलाई प्राप्त भएको मितिले २१ दिन भित्र स ंसदको संयुक्त बैठक बोलाईनेछ र त्यस्तो नभएको उपधारामा संकटकाल स्वत निस्तेज भएको मानिनेछ ।
६. संकटकालीन अवस्था लागू रहेको समयमा, सरकारले स्थानीय निकायलाई आवश्यकता अनुसारको निर्देशन दिन सक्नेछ ।
७. संकटकाल घोषणा लागू रहेको अवस्थामा, यो संविधानको धारा ७ को उपधारा २, ४, ५, १४ र १८ ले प्रत्याभूत गरेका अधिकारहरु निलम्बन गरिनेछन् ।
८. प्रधानमन्त्रीको लिखित सुझावमा भुटानको वा कुनै पनि भागको आर्थिक स्थायित्व वा अस्तित्व (credit) माथि खतरा आएको भनी ड्रुक ग्याल्पो सन्तुष्ट भएमा मौसुफबाट देशमा आर्थिक संकटकाल घोषणा गर्न सकिबक्सेछ । यस्तो घोषणा, घोषणा गरिएको मितिले २१ दिन भित्र संसदको दुबै सदनमा प्रस्तुत गरिनेछ तथा संसदको संयुक्त बैठकबाट संसद सदस्यको दुई-तिहाई मतले सो घोषणालाई तोकिएको समयावधिका निम्ति लम्ब्याउने वा खारेज गर्ने निणर्य गने र्छ ।
९. संकटकालीन अवस्थामा संविधान संशोधन गरिनेछैन ।

**धारा ३४ : राष्ट्रिय जनमतसंग्रह**

१. जनचाहना राष्ट्रिय जनमतसंग्रह मार्फत व्यक्त गरिनेछ । खसाइएको र गणना गरिएको सामान्य बहुमतले जनमतसंग्रहमा तोकिएको विषय भुटानका जनताले पारित गरेको मानिनेछ ।
२. ड्रुक ग्याल्पोबाट राष्ट्रिय जनमतसंग्रहको आदेश जारी गरीबक्सनेछ यदि :
   क. मौसुफको विचारमा संसदको संयुक्त बैठकले पारित गर्न नसकेका विधेयक राष्ट्रिय महत्वको छ वा
   ख. जोङ्खाग छोग्डुहरुको सदस्य संख्याको पचास प्रतिशत सदस्यहरुले अपिल गरेमा ।
३. संसदले बनाएको कानुन अनुसार खजनाहरु लगाउने, परिवर्तन गर्ने वा फिर्ता लिने सम्बन्धमा जनमतसंग्रह गरिने छैन ।
४. संसदले, कानून बमोजिम, राष्ट्रिय जनमतसंग्रह गराउने प्रकृया तय गर्नेछ ।

**धारा ३५: संशोधन एवं आधिकारिक भाषा**

१. धारा २ को उपधारा २६ र धारा ३३ को उपधारा ९ बाहेक अन्य प्रावधानहरु यो धारामा उल्लेख भएको विधि बमोजिम कानूनत: यो संविधानमा थप्ने, परिवर्तन गर्ने वा फिर्ता गरी यो संविधानमा संशोधन गर्ने अधिकार संसदलाई हुनेछ ।

२. संसदको संयुक्त बैठकमा संसद सदस्यको सामान्य बहुमतले उपधारा १ अनुसारको संविधान संशोधनको निम्ति प्रस्ताव पेश गर्न सक्नेछ तथा त्यस्तो प्रस्ताव अर्को अधिवेशनको संयुक्त बैठकमा संसद सदस्यका तीन-चौथाई मतले पारित गरेर ड्रुक ग्याल्पोबाट स्वीकृति बक्से संविधान संशोधन भएको मानिनेछ ।

३. ड्रुक ग्याल्पोले अस्वीकृत गरेको कुनै संवैधानिक विधेयक राष्ट्रिय महत्व छ भन्ने लागेमा संसदले त्यस्तो विषयमा राष्ट्रिय जनमतसंग्रह आव्हान गर्न सक्नेछ । त्यस अनुरुप धारा ३४ को उपधारा १, ३ र ४ लागू हुनेछ ।

४. यो संविधानको जोङ्खा र अंग्रजी भाषाका कारण अर्थमा कुनै भिन्नता आएमा दुवै भाषालाई समान मान्यता दिइनेछ र न्यायलयले त्यस्तो भिन्नताको निरुपण गर्नेछ ।